ehetaudasandesh.com
२५ औं वर्ष
हेटौंडा
# सन्देश
राष्ट्रिय दैनिक
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः २९३ ॥ सोमबार ३० चैत २०८२ ॥ एकादशी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Monday 13 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

## अवैध मदिरा उद्योगमा प्रहरी छापा

सन्देश संवाददाता

हेटौंडा/अवैधरुपमा सञ्चालन हुँदै आएको घरेलु मदिरा उत्पादन गर्ने उद्योगमा प्रहरीले छापा मारेर ठूलो परिमाणमा मदिरा तथा कच्चापदार्थ बरामद गरेको छ । आइतबार दिउँसो करिब ४ बजे हेटौंडा उपमहानगरपालिका-१, चौकीटोलस्थित जगत्‌बहादुर घिसिङको जस्ताले बनेको घरमा अवैधरुपमा मदिरा उत्पादन भइरहँदा प्रहरी टोली खटिएको थियो ।

प्रहरीले उक्त स्थानमा खानतलासी गर्दा करिब ४ हजार लिटर तयारी घरेलु मदिरा तथा ५ हजार लिटर मदिरा बनाउन प्रयोग हुने कच्चापदार्थ बरामद गरेको जनाएको छ । मदिरा उत्पादनमा प्रयोग भएका ग्यासका ८ सिलिन्डर, २ वटा भट्टीचुलो, २ बोरा चामल तथा प्लास्टिकका ड्रम र बोतलसमेत नियन्त्रणमा लिइएको छ । घटनास्थलबाट मदिराभट्टी सञ्चालक ६० वर्षीय घिसिङसहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्ने अन्यमा चितवन कालिका नगरपालिका-७ बस्ने २३ वर्षीय सुजन तामाङ, बारा कोहल्बी नगरपालिका-८ बस्ने १९ वर्षीय अजय लामा र चितवन कालिका नगरपालिका-९ बस्ने ३४ वर्षीय सुरेश प्रजा छन् । उनीहरुमाथि आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

# परिवारबाट नपत्याइएका प्रेम बने सफल

सुनिता बिष्ट



हेटौंडा/मकवानपुरको मकवानपुरगढी गाउँपालिका-३, देवीडाँडाका प्रेमप्रसाद तिमल्सिनालाई उद्यमी बन्छु जस्तो कहिल्यै लागेको थिएन । २०४७ सालमा जन्मिएका प्रेमप्रसाद एसएलसीसम्म मकवानपुर गढीकै भानु माध्यमिक विद्यालयमा पढे । २०६५ सालमा एलएलसी पास भएपछि उनी सवारीको सहचालक बने । २०६७ सालमा सवारीचालक अनुमतिपत्र (लाइसेन्स) बनाएर गाडी चलाउँदै आएका उनलाई पढ्न परिवारले कर लगाए ।

सोही वर्ष हेटौंडा-६, चौघडामा रहेको वंशगोपाल क्याम्पसमा कक्षा-११ मा भर्ना भए । चालक बनेर गाडी हुइँक्याउने रस बसेका उनलाई किताबको अक्षरले मन तान्न सकेन । वर्षदिनभर मुस्किलले ३ महिनाजति हाजिर भए । पत्रकारिता विषय लिएर पढेका उनी कक्षा-११ मा भने पास भए । पढ्न मन लागिनलागी क्याम्पस गएका उनको ११ कक्षा कटेपछि १२ पढ्नैपर्ने बाध्यता आइलाग्यो । बाबुआमाको डरले नै १२ कक्षामा पनि भर्ना भए । तर, त्यतिबेला भने अनिवार्य अंग्रेजी र पत्रकारिता विषयको प्राक्टिकलमा फेल भए ।

थ्यौरीमा पास भएका उनलाई गाउँकै शिक्षकले जानाजान प्राक्टिकलमा नम्बर नदिएर फेल गराइदिएको भन्ने लागेर प्रेमबहादुर पुरक परिक्षामा सहभागी भएनन् । सँगै पढेका आफ्ना भाइ होमनाथ तिमल्सिना पास हुँदा आफू फेल भएपछि उनले पढाइ अगाडि बढाउने सोचेनन् । सानैदेखि इखालु स्वभावका उनको पढाइ यत्तिकै रोकियो । 'घर बसेर बाख्रा चराउनुभन्दा लाइसेन्स भएको मान्छे हुँ, बरु विदेश जान्छु' भन्ने सोचले उनी विदेशको यात्रातर्फ मोडिए । २०६८ सालमा साउदी अरब पुगेका उनले ८ वर्ष चालकका रुपमा काम गरे । सुरुवाती ३ वर्ष एक अरबी साहुको घरको निजी सवारी चलाए । घरका सदस्य बिरामी भए अस्पताल पुऱ्याउने, बच्चाहरुलाई विद्यालय लाने र ल्याउनेदेखि बजारबाट आवश्यक सामग्री किनमेल गर्नसमेत प्रेमबहादुरकै भर थियो । एउटै परिवार जसरी नै घुलमिल भएर बसेका उनले कहिल्यै अप्ठेरो दिनको सामना भने गर्नुपरेन । तर, कमाइ भने चित्तबुझ्दो थिएन ।

तीन वर्षसम्म उनले गरेको मेहनत देखेर ती साहुले नै अर्को स्थानमा रोजगारीका लागि जोडिदिए । ४ वर्ष बसेर संघर्ष गरेपछि जोडिएको धनले प्रेमबहादुरको मन मोडिदियो । 'सधैं अरुको देशमा कति चाकरी गर्नु ? धेरै कमाएर पनि के गर्ने हो र ? आ...... अब त आफ्नै देश जान्छु । बाख्रा पाल्छु । व्यवसायी बन्छु,' मनभरि यस्तै आशा बुनेर साउदीबाट २०७५ सालको अन्तिमतिर उनी नेपाल फर्किए ।

उनलाई लागेको थियो कमाएको पैसा सबै लगानी गरेर बाख्राका ठूला व्यवसायी बन्छु । तर, घरमा आएपछि पशुधनको भर हुन्न भनेर परिवारले लगानी गर्नै दिएनन् । व्यवसायी बन्ने रहर बोकेका उनले २०७६ सालमा हेटौंडा-१६ स्थित जनप्रिय माध्यमिक विद्यालय तथा प्राविधिक शिक्षालयमा १८ महिने पशुप्राविधिक पढे । पढाइसँगै गाउँमै भेटेरिनरी र किराना पसलसमेत खोले ।

पढ्दापढ्दै दोलखाकी सुनिता शिवाकोटीसँग उनको मागी विवाह भयो । विदेश गएर कमाएको पैसा गाउँको पाखोबारिमा बाख्रा पालेर खेर फाल्नु हुँदैन भन्ने पत्नीको सुझाव मानेर २०७७ सालमा काठमाडौं लागे । भेटेरिनरीको थ्यौरी सकाएका उनले प्राक्टिकल खुमलटारबाट दिने गरी क्याम्पसबाट पत्र बनाएर पत्नीसहित उनी काठमाडौं लागे । हातमा जानेको सिप सवारीचालक, अनि गोजीमा विदेशमा कमाएको पैसा । दुवैको सदुपयोग हुने गरी ट्याक्सी किनेर चलाउन सुरु गरे । ट्याक्सी किनेको २ महिनामा कोरोना महामारीका कारण लकडाउन सुरु भयो । काठमाडौंमा ५ वर्ष बिताएका उनले कमाउने भन्दा पनि सकाउने बाटोहरु मात्र भेटे । कमाएको भन्दा बढी सकिएपछि छोरासहित गाउँ फर्किए ।

साउदी अरबमा हुँदा भारतीय एक दम्पत्तीले केराको थम्बाबाट कागजको प्लेटहरु बनाएर आम्दानी गरेको भिडियो मोबाइलमा हेरेका उनले गाउँका केराको घारी झलझली सम्झन्थे । लकडाउनका बेला पनि गुगलमा सर्च गरीगरी केराको थम्बाबाट केके बनाउन सकिन्छ, नेपालमा यस्तो कारखानाहरु छन् कि छैनन् भनेर हेरिहेका उनले सोही सिपलाई व्यावसायिक बनाउँछु भन्ने सोचे ।

'गाउँ फर्किएपछि केराको बोटबाट फाइबर निकाल्ने मेसिन डेढ लाखमा किनें । गाउँमा खेर गएका केराका बोटहरु बटुलेर फाइबर बनाउन थालें,' उनी भन्छन्-फाइबर मात्र बिक्री गर्न पनि झन्झट र फाइदा कम हुने देखेपछि मेरो दिमागमा हाते कागज बनाउने सोच आयो । सिक्नका लागि कहिले तराई पुगें त कहिले चितवन । चितवनको कागज उद्योगमा धर्ना बसे जसरी नै अडान कसेर केमिकल पनि ल्याएँ ।

सुरु गर्नुअघि उनी चितवनमा रहेको एसियन कागज उद्योग पुगे । आफ्नो इच्छा उद्योग सञ्चालकहरुलाई सुनाए । केराको थम्बाबाट मात्र कागज बन्दैन भन्ने सल्लाह उनीहरुले दिए । तर, प्रेमबहादुरलाई जसरी पनि सफल हुनु थियो । कागज बनाउन चाहिने केमिकलबारे अध्ययन गरे । एकपटक प्रयोगात्मक परीक्षणका लागि एसियन कागज उद्योगबाट केमिकल मागेर ल्याए । सबै कुराको जोडजाम त भयो । तर, समस्या थियो कहाँ राखेर कागज उत्पादन गर्ने, आवश्यक सामग्री कहाँ राख्ने । प्रेमप्रसादका बुबा गोबिन्दप्रसाद तिमिल्सनाले गाई पाल्नका लागि बनाएको एउटा गोठ थियो । सोही गोठमा मेसिनहरु राखेर काम सुरु गर्ने चाहनामा थिए उनी । तर, गोबिन्दप्रसादले कागज बनाउनका लागि अनुमति दिएनन् । 'नगर, तैंले यस्तो काम गर्न सक्दैनस् । तँबाट यो काम हुँदैन' भनेर बुबाले सधैं रोक्नुहुन्थ्यो । तर, मैले जबर्जस्ती आफ्नै बलमा काम सुरु गरें,' उनी भन्छन् ।

केराको फाइबर गलाएपछि पेल्नका लागि प्रयोग गर्न उनले पुरानो मेसिन किने । सोही मेसिनलाई मर्मत गरेर चलाए । गोठमै पानी जम्मा हुने गरी सिमेन्टको ट्यांकी बनाए । सुरुवाती चरणमा उनीसँग १३ वटामात्र फ्रेम थियो । मनले चाहेको काम गर्न पाउँदा मन गद्गद् नै थियो । तर, उनलाई यही काम सुरु गर्दा परिवारका सदस्य कसैले पनि साथ दिएनन् । विहान उठेदेखि साँझसम्ममा ३५/४० वटासम्म कागज बनाउथे ।

'कहिले त म खाना खान पनि जान्नथें । दिनभर काम गरिरहँदा परिवारको सदस्य कोही पनि फर्केर हेर्नसमेत आउँदैन थिए । न पत्नी, न आमा, न त बुबा नै,' आँखाबाट झरेर गालाको डिलमा पुगेको आँशु पुछ्दै उनले थपे-म विहान उठेदेखि नै यहीं नै हुन्थें । मलाई सफल हुनु थियो । न भोक लाग्थ्यो न त निद्रा । बस्, परिवारले साथ दिए सजिलो हुन्थ्यो जस्तोमात्र लाग्थ्यो ।

परिवार/आफन्त जसले पनि यसमा काम गरेर हुँदैनमात्र भन्थे । तर, प्रेमबहादुरको एउटा बच्चैदेखिका साथी थिए । जसले उनको आँटमा इँटा थप्ने काम गरे । हाल इजरायलमा रहेका बिनोद सञ्जेल नामक गाउँकै साथीको सहयोगमा उनले कागज बनाउन २ सय वटा फ्रेम थपे । दिनमा मुस्किलले ४० वटा कागज उत्पादन गर्ने फ्रेम थपेपछि १ हजार भन्दा बढी कागज दैनिकरुपमा उत्पादन गर्न थाले । मासिक ३०/३५ हजार कमाइ हुन थालेपछि परिवारका सदस्यहरुले उनलाई विस्तारै साथ दिन थाले ।

'८४ वर्षका हजुरआमा हुनुहुन्छ । उहाँले मलाई सुरुबाट सहयोग गर्नुहुन्थ्यो,' उनी भन्छन्-कागज उत्पादन राम्रो हुन थालेपछि बजारमा सहज जाने र मासिक आम्दानी सुरु भएपछि आमा, बुबा र पत्नीले पनि सहयोग गर्न थालेका छन् । हाल म जत्तिकै उहाँहरु पनि खट्नुहुन्छ । सबैको साथ पाएको छु । त्यो बेला बिगार्ला, घाटामा जाला भने पनि होला सायद सहयोग गर्न नखोज्नु भएको ।

हाल उनी मकवानपुरका मात्र नभएर बागमती प्रदेशकै सफल उद्यमीका रुपमा परिचय बनाइरहेका छन् । पहिले परिवारबाट पनि नपत्याइएका उनको चर्चा देशभर छ । देशका विभिन्न जिल्लाका उद्यमीहरु उनको सिप हेर्न आउने गरेका छन् । केरा काटिसकेपछि बारिमा यत्तिकै खेर जाने बोटबाट नेपाली हाते कागज बनाउँदै आएका उनले जिल्लामा नेपाली कागजको माग धान्न सकिरहेका छैनन् । आफूसँग भएको स्रोत र साधनलाई उपयोग गर्दै मासिक ४० देखि ५० किलोसम्म हाते कागज बनाउँदै आएका उनलाई अब भने सरकारले साथ दियोस् भन्ने चाहना छ । केराको फाइबर पकाउने मेसिन आवश्यक छ । आगोको सहारामा फलामको ड्रममा पकाउँदा त्यहींबाट आफूलाई घाटा लागेको उनी बताउँछन् ।

'मेसिन भइदिए एकैपटकमा एउटै केमिकलले १ सय किलोसम्म फाइबर गलाउन पाइन्थ्यो,' उनले थपे-त्यो छैन । जसले २०/३० किलो पकाउनका लागि पनि त्यति नै इन्धन र केमिकल खर्च भइरहेको छ । स्थानीय सरकार र प्रदेश सरकारले स्थानीय स्रोतको प्रयोगबाट उद्यम गरिरहेका उद्यमीहरुका लागि आवश्यक सामग्रीहरु सहयोग गरिदियोस् भन्ने चाहना छ ।

खेर गएको सामानबाट हाते कागज उत्पादन गरेर चुनौतीलाई चिर्दै अनि बाधाहरु पन्छाउँदै उद्यमी बनेका उनले हाल मासिक १ लाख बढी आम्दानी गर्दै आएका छन् । उत्पादनसँगै उनलाई विभिन्न संघसंस्थाहरुले यससम्बन्धि प्रशिक्षकको रुपमा बोलाउने गरेका छन् । हाल उनको उद्योगमै करिब २० जना महिलाले तालिमसमेत लिइरहेका छन् । फरक खालको उद्यम प्रवर्द्धनका लागि बागमती प्रदेशको उद्योग मन्त्रालय, सोही मन्त्रालयमातहत उद्योग वाणिज्य कार्यालय मकवानपुर, उद्योग वाणिज्य महासंघदेखि उद्योग संघ मकवानपुरसम्मले प्राविधिक सहयोग गर्दै आएको उनी बताउँछन् । उत्पादन भएको कागज बजारमा लैजान कुनै सकस छैन । बरु, माग धान्न भने सकस भइरहेको उनको भनाइ छ ।

# हेटौंडाका बर्तौलालाई उत्कृष्ट नगरपालिका पुरस्कार

सन्देश संवाददाता



हेटौंडा/हेटौंडा उपमहानगर पालिका वडा नम्बर-१९, बस्तीपुर स्थायी घर भएर हाल बुढानीलकण्ठ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौलाले गरेको योजना र कार्यान्वयनसम्म स्पष्ट दृष्टि, प्रशासनिक चुस्तता र नागरिकमुखी सेवाप्रवाहको प्रभावकारी अभ्यासमार्फत् उत्कृष्ट कार्यको प्रशंसा गर्दै नगरपालिका संघले उत्कृष्ट नगरपालिका पुरस्कार-२०८२ प्रदान गरेको छ ।

नेपाल नगरपालिका संघले आफ्नो ३३ औं स्थापना दिवसका अवसरमा प्रदान गरेको उक्त सम्मानले नगरपालिकाको समग्र कार्यसम्पादनलाई राष्ट्रियस्तरमा उदाहरणीय बनाएको छ । यस उपलब्धिमा विशेषगरि प्रमुख प्रशासकीय अधिकृत बर्तौलाको नेतृत्वदायी भूमिका निर्णायक मानिएको छ । आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाले अघि बढाएका विकास कार्यक्रमहरुलाई व्यवस्थितढंगले कार्यान्वयन गर्ने, प्रशासनिक संयन्त्रलाई सक्रिय र उत्तर दायी बनाउने तथा सेवाप्रवाहलाई छरितो र पारदर्शी बनाउने कार्यमा बर्तौलाले प्रभावकारी समन्वय गरेका छन् ।

काठमाडौंमा आयोजित विशेष समारोहमा नगर प्रमुख मिठाराम अधिकारी, उपप्रमुख अनिता लामा तथा प्रमुख प्रशासकीय अधिकृत बर्तौलाले संयुक्तरुपमा पुरस्कार ग्रहण गरेका थिए । कार्यक्रममा देशभरका स्थानीय तहका प्रतिनिधि, सहरी विकासविज्ञ, नीतिनिर्माता तथा सरोकारवालाको उपस्थिति थियो ।

*प्रशासनिक सुधारमा बर्तौलाको छाप*

बुढानीलकण्ठ नगरपालिकाले पछिल्ला वर्षहरुमा देखाएको प्रगतिको मूल आधार प्रशासनिक सुधारलाई मानिएको छ । प्रमुख प्रशासकीय अधिकृत बर्तौलाको पहलमा कार्यालयभित्र कार्यसम्पादन मूल्यांकन प्रणालीलाई कडाइसाथ लागु गरिएको थियो । सेवाप्रवाहका प्रक्रियाहरुलाई डिजिटल माध्यममा रुपान्तरण गरिएको छ भने नागरिक गुनासा व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइएको छ । राजस्व संकलन र खर्च व्यवस्थापनमा पारदर्शिता कायम गरिएको छ । यी सुधारहरुले सेवाग्राहीलाई छिटो, सहज र भरपर्दो सेवा उपलब्ध गराउन सहयोग पुगेको छ भने कर्मचारीतन्त्रलाई पनि जिम्मेवार र नतिजामुखी बनाएको छ ।

*योजनादेखि कार्यान्वयनसम्मको समन्वय*

नगरपालिकाले अवलम्बन गरेको योजनाअनुसार विकास अवधारणालाई व्यवहारमा उतार्न बर्तौलाले प्रमुख भूमिका खेलेका छन् । पूर्वाधार निर्माणका योजनाहरु समयमै सम्पन्न गर्ने, गुणस्तर सुनिश्चित गर्ने र स्रोतको दुरुपयोग रोक्ने विषयमा प्रशासनिक निगरानीलाई कडा बनाइएको छ । सडक स्तरोन्नति, ढल तथा खानेपानी व्यवस्थापन, सार्वजनिकस्थलहरुको संरक्षण तथा हरियाली प्रवर्द्धनका कार्यक्रमहरु प्रभावकारीरुपमा कार्यान्वयन हुनुमा प्रशासनिक नेतृत्वको सक्रियता देखिन्छ ।

*डिजिटल सेवा र पारदर्शितामा फड्को*

बर्तौलाको कार्यकालमा नगरपालिकाले डिजिटल सेवाको विस्तारमा उल्लेखनीय प्रगति गरेको छ । अनलाइन सेवा प्रणाली, दस्तावेज व्यवस्थापन, कर तिर्ने प्रणाली तथा सूचनाप्रवाहलाई प्रविधिमैत्री बनाउँदै नागरिकलाई घर मै बसेर सेवा लिनसक्ने वातावरण सिर्जना गरिएको छ । निर्णय प्रक्रिया र बजेट कार्यान्वयनमा पारदर्शिता बढाउँदै सार्वजनिक विश्वास मजबुत् बनाइएको छ ।

*समावेशी र दीगो विकासतर्फ*

बुढानीलकण्ठ नगरपालिकाले भौतिक पूर्वाधारसँगै सामाजिक र वातावरणीय पक्षलाई पनि प्राथमिकतामा राखेको छ । स्थानीय समुदायको सहभागिता, वातावरण संरक्षणका कार्यक्रम तथा सामाजिक उत्तरदायित्वका गतिविधिहरुलाई संस्थागत्‌रुपमा अघि बढाइएको छ । यी सबै कार्यक्रमहरुको प्रभावकारी समन्वय र अनुगमनमा प्रमुख प्रशास-कीय अधिकृतको भूमिका महत्वपूर्ण रहेको विश्लेषकहरु बताउँछन् ।

*नेतृत्वको प्रतिक्रिया*

पुरस्कार ग्रहणपछि नगर प्रमुख अधिकारीले बुढानीलकण्ठले हासिल गरेको उपलब्धि दीर्घकालीन योजना, अनुशासित कार्यान्वयन र नागरिक सहभागिताको परिणाम भएको उल्लेख गर्दै आगामी दिनमा अझ गुणस्तरीय पूर्वाधार विकास र दीगो शहरी व्यवस्थापनमा केन्द्रित रहने बताएका छन् । उनले नगरलाई व्यवस्थित, सुरक्षित र आधुनिक सहरका रुपमा विकास गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् ।

उपप्रमुख लामाले यस सम्मानले नगरपालिकालाई अझ जिम्मेवार बनाएको बताउँदै सेवाप्रवाहलाई थप प्रभावकारी, समावेशी र नागरिकमैत्री बनाउनेतर्फ आफूहरु केन्द्रित रहने धारणा व्यक्त गरेकी छन् । उनले महिला, बालबालिका तथा कमजोर वर्गलक्षित कार्यक्रमहरुलाई अझ सुदृढ बनाउँदै विकासलाई सबैको पहुँचमा पुऱ्याउने लक्ष्य लिइएको स्पष्ट पारेकी छन् ।

पुरस्कार ग्रहणपछि प्रमुख प्रशासकीय अधिकृत बर्तौलाले भने-यस सम्मान सम्पूर्ण बुढानीलकण्ठबासी, जनप्रतिनिधि र कर्मचारीहरुको साझा प्रयासको परिणाम हो । हामीले सुशासन, पारदर्शिता र दीगोपनलाई केन्द्रमा राखेर काम गरेका छौं । आगामी दिनमा अझ गुणस्तरीय र प्रभावकारी सेवाप्रवाहमा केन्द्रित रहनेछौं ।

*अन्य स्थानीय तहका लागि उदाहरण*

स्थानीय तहबीच प्रतिस्पर्धा बढ्दै गएको वर्तमान सन्दर्भमा बुढानीलकण्ठ नगरपालिकाले प्रस्तुत गरेको प्रशासनिक मोडललाई अन्य नगरपालिकाले समेत अनुकरणीय अभ्यासका रुपमा लिन थालेका छन् । योजनाको स्पष्टता, कार्यान्वयनको दृढता र प्रशासनिक नेतृत्वको दक्षताले कसरी उत्कृष्ट नतिजा दिनसक्छ भन्ने उदाहरणका रुपमा बुढानीलकण्ठ स्थापित भएको छ । 'उत्कृष्ट नगर पालिका पुरस्कार-२०८२' प्राप्तिसँगै बुढानीलकण्ठ नगरपालिका अब केवल विकासशील स्थानीय तहमात्र नभइ सुशासन, नवप्रवर्तन र प्रभावकारी प्रशासनिक व्यवस्थापनको सफल नमूनाका रुपमा उभिएको छ, जहाँ प्रमुख प्रशासकीय अधिकृत बर्तौलाको भूमिका केन्द्रमा देखिन्छ ।

# परीक्षण उत्पादनमा सिताके



सन्देश संवाददाता

हेटौंडा/मकवानपुरगढी गाउँपालिका-८, बुढीचौरमा सिताके च्याउ खेतीप्रति कृषकको चासो बढ्न थालेको छ । सिताके खेतीको प्रयास गरेका कृषक सोमलाल पाखिन र वीरबहादुर रुम्बाले प्रारम्भिक असफलता पछि नयाँ सम्भावनाको बाटो भेटेका छन् ।

प्राकृतिक स्रोत र अनुकूल भुगोल हुँदाहुँदै पनि प्रविधिको सानो ज्ञान अभावका कारण उनीहरुको पहिलो प्रयास असफल भएको थियो । टनेलभित्र तापक्रम नियन्त्रणका लागि आवश्यक एसी प्रणाली प्रयोग नगर्दा लगानी खेर गएको कृषकहरुले स्वीकार गरेका छन् । तर, हाल गाउँपालिकाले कृषकहरुलाई प्रविधि र व्यावहारिक ज्ञान प्रदान गर्न पहल गरेको छ । कृषि शाखाले बुढीचौरका कृषकहरुका लागि विशेष तालिम सञ्चालन गरी सिताके च्याउ खेतीको सैद्धान्तिक तथा व्यवहारिक पक्ष सिकाएको छ ।

कृषि शाखा प्रमुख गोपाल लम्सालका अनुसार कन्ये च्याउमा मात्र सीमित किसानहरुलाई अब सिताकेबाट उच्च आम्दानी लिन प्रेरित गर्ने उद्धेश्यले तालिम सञ्चालन गरिएको हो । तालिममा मुडामा प्वाल पार्ने, बीउ राख्ने, मैन लगाउनेलगायत सिप सिकाइएको छ । सिताके च्याउ उत्पादनका लागि १ हजार १ सय मिटरभन्दा माथिको उचाई, ७०-८० प्रतिशत् आर्द्रता र १५-२५ डिग्री तापक्रम उपयुक्त मानिन्छ । उत्पादन प्रक्रियाअनुसार ८ महिनापछि च्याउ उत्पादन सुरु हुने र प्रयोग गरिएको काठअनुसार वर्षौंसम्म उत्पादन लिन सकिने प्राविधिकहरु बताउँछन् ।

बजारमा पनि यसको माग उच्च छ । ताजा सिताके च्याउ प्रतिकेजी ६ सयदेखि १ हजारसम्म बिक्री हुने र सुकाएर बेच्दा ३ हजार देखि ५ हजारसम्म पुग्ने बताइन्छ । पालिका अध्यक्ष दोर्जे लामास्यांतानले परीक्षण उत्पादन सफल भए कृषकलाई लागत साझेदारीमा सहयोग गरिने बताएका छन् । यस पहलले विगतको असफलतालाई सफलतामा बदल्दै बुढीचौरका कृषकको आर्थिक अवस्था सुधार गर्ने अपेक्षा छ ।

पालिकाले स्थानीय कृषकहरु-लाई स्वरोजगार बनाउन बिभिन्न किसिमका तालिमहरु प्रदान गर्ने र दलित, जनजाति र गरिविको रेखामुनि रहेका ब्यक्तिहरुलाई ससाना ब्यवसायमा संलग्न गराई उनीहरुलाई स्वरोजगार बनाउने योजनाहरु क्रमश अघि सारिएको पालिकाले जनाएको छ ।

# दुर्घटनामा एकको मृत्यु



सन्देश संवाददाता

हेटौंडा/काठमाडौंको दक्षिणकाली क्षेत्रमा आइतबार भएको दुर्घटनामा एक जनाको ज्यान गएको छ । हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको बा एबी-५२८१ नम्बरको निजी कार दक्षिणकाली नगरपालिका-८ स्थित रानीभिरमा सडकबाट करिब ७ सय मिटर तल खस्दा दुर्घटना भएको हो ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसपी नरेश सुबेदीका अनुसार दुर्घटनामा काठमाडौं महानगर पालिका-७ निवासी ३४ वर्षीय सुरज खड्काको मृत्यु भएको पुष्टि भएको छ । दुर्घटनापछि प्रहरी र सशस्त्र प्रहरीको टोली घटनास्थलमा पुगेर शव तथा सवारीसाधन उद्धार गर्ने प्रयास गरेको थियो । घटनाको कारणबारे थप अनुसन्धान प्रहरी प्रभाग फर्पिङले सुरु गरेको जनाएको छ ।

# कान्छा सांसद्‌लाई उप्रेती समाज सेवाको सम्मान



सन्देश संवाददाता

हेटौंडा/उप्रेती समाजसेवा समितिले वार्षिक साधारणसभाको अवसरमा प्रतिनिधिसभा सदस्यमा मकवानपुरबाट निर्वाचित कान्छा सांसद् प्रशान्त उप्रेती र रिना उप्रेती केसीलाई सम्मान गरेको छ । उप्रेतीद्वय राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित सांसद् हुन् ।

साधारणसभामा समितिले प्रकाशन गरेको *उप्रेती संसार-२०८२* पुस्तक र २०८३ सालको भित्तेपात्रोको लोकार्पणसमेत गरिएको थियो । पुस्तक प्रकाशनमा सहयोग गर्ने राजेन्द्र उप्रेती र उनको परिवारलाई पनि सम्मान गरिएको थियो । *उप्रेती संसार-२०८२* पुस्तकमा समेटिएका विषयवस्तु र उप्रेतीहरुको पारिवारिक पृष्ठभूमिको विषयमा साहित्यकार नन्दु उप्रेतीले चर्चा गरेका थिए ।

कार्यक्रमका सभापति समिति अध्यक्ष एवम् समाजसेवी शोभित उप्रेतीले *उप्रेती संसार-२०८२* पुस्तकबाट उप्रेतीहरुको वंशलगायत विषयमा धेरै जानकारी लिन सकिने भएकोले पुस्तक प्रकाशन उपलब्धिमूलक रहेको बताए । सांसदद्वय प्रशान्त उप्रेती र रिना उप्रेतीकेसीले मानिसको पहिचान महत्वपूर्ण हुने उल्लेख गर्दै पहिचानका लागि वंशको सामीप्यता आवश्यक रहेको बताएका थिए । कार्यक्रममा पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती, जनस्रोतविज्ञ धर्म उप्रेती, समाज महासचिव लक्ष्मणप्रसाद उप्रेतीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असरः

*विद्युतीय उपकरण*
*(मोबाइल, ट्याब, ल्यापटप) आदिको अधिक प्रयोगले:*

- बालबालिकाको आँखाको ज्योति कमजोर हुन सक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरुसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,

*बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

**उखान**: राम राम सीता पोइ, मर्ने बेला कोही न कोही ।

**बेलाको बोली**

स्वस्थ्य सबैभन्दा ठूलो उपहार हो, सन्तोष सबैभन्दा ठूलो धन हो, वफदारी सबैभन्दा ठूलो सम्बन्ध हो । - *गौतमबुद्ध*

## सम्पादकीय

# शिक्षा क्षेत्र न चलाउने कि ?

*सरकारले केही दिन पहिले दिएको निर्देशनले संस्थागत भनिने निजी विद्यालयहरू सञ्चालकहरू झस्केका छन् भने यसको प्रतिक्रियाको असरका बारेमा विद्यार्थी र अभिभावक अन्योलमा परेका छन् । शिक्षा तथा संस्कृति मन्त्रालयले निजी विद्यालयहरूलाई दोहोरो शुल्क नलिन, असुल गरिएको शुल्क फिर्ता गर्न र शुल्क संरचना सार्वजनिक गर्न निर्देशन दिएको थियो । यस्तो निर्देशन दिँदा सरकारले सर्वोच्च अदालतको आदेशलाईसमेत उद्धृत गरेको छ ।*

*सरकारले दिएको निर्देशनभन्दा बढी अव्यावहरिक हस्तक्षेपको सन्देहले निजी विद्यालय सञ्चालकहरू बढी झस्किएको हुनुपर्छ । सार्वजनिक भनिने सरकारी विद्यालयहरूको सुधारमा भन्दा सधैँ नै सरकारको विशेषगरी नयाँ सरकारको ध्यान निजी विद्यालयको नियमनमै जाने गरेको देखिन्छ । निजी विद्यालयमा राज्यको लगानी शून्य प्रायः हुने हुनाले सरकारले धेरै हस्तक्षेप गर्नु मनासिब हुँदैन । यसै पनि अभिभावकहरूले स्वेच्छाले नै आफ्ना बालबालिकालाई निजी विद्यालयमा भर्ना गराउने हुन् । यो सरकारी हस्तक्षेपको भन्दा विद्यालय र अभिभावकका बीचको विषय हो । सरकारसँग कुनै पक्षले आग्रह नगर्दासम्म हस्तक्षेप गर्नु प्राकृतिक न्यायका दृष्टिबाट पनि उचित हुँदैन । बिगतमा पनि सरकार गठन हुनेबित्तिकै निजी विद्यालयमा हस्तक्षेप हुनेगर्थ्यो । केही गरेर देखाउने हुटहुटीले सरकारलाई सबै क्षेत्रमा देखिने गरी उपस्थिति जनाउन हतार हुनु अस्वाभाविक होइन । कतिपय अवस्थामा छलाङ मार्ने सरकारी चाहना राष्ट्रका लागि प्रत्युत्पादक बनेको छ र यसको ज्वलन्त उदाहरण पनि शिक्षा क्षेत्र नै हो । अरू क्षेत्रमा गरिने नीतिगत गल्ती सामान्य हानिपछि सच्याउन सकिन्छ । तर, शिक्षामा गरिने गल्तीले पुस्तौँसम्म क्षति पुग्छ ।*

*गहिरो अध्ययन र निजी क्षेत्रका विद्यालय सञ्चालकहरूसँग विस्तृत छलफल नगरी निर्देशन जारी गर्नु अत्युत्पादक हुन सक्नेतर्फ सरकार सचेत हुनैपर्छ, त्यसको सुधार र नियमनको प्रयासमा निजी विद्यालयहरूले पनि सहयोग गर्नुपर्छ । यसका लागि सरकारले पहिले संवाद र समन्वय गरेर उनीहरूलाई आफ्नो नियत गलत नभएको विश्वास दिलाउनु आवश्यक छ । शिक्षा क्षेत्रलाई सरकारी लहडवाजीको शिकार बन्नु वा नेपालका बालबालिकाको भविष्यप्रति कुठाराघात हो । निजी विद्यालयमा आँखा लगाउनुपूर्व सरकारी विद्यालयमा सुधार गर्नुपर्छ !*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ । रमाइलो बीच स्वादिष्ट भोजनको काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । | **बृष** | अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउने हुँदा होशियारी साथ काममा जुट्नु पर्ने बेला छ । |
| **मिथुन** | विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ । आकर्षक उपहारले उत्साह जगाउनेछ । पहिलेको सफलताले हालसम्म हौसला प्रदान गर्नेछ । | **कर्कट** | आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति बेहोसीले नोक्सान पुऱ्याउन सक्छ । नाम र दामका लागि आज गरिएको खर्च व्यर्थ हुने हुँदा सजग रहनुहोला । |
| **सिंह** | परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउने समय छ । केही संघर्ष गर्नुपरे पनि फाइदा उठाउन सकिने योग छ । | **कन्या** | साथीभाइले साथ दिनेछन । पशुधन र जमिनबाट लाभ हुनेछ । मान्य आफ्ना कमजोरीबाट फाइदा उठाउनेहरू भने सक्रिय रहनेछन् । |
| **तुला** | अरूको विश्वास जित्न केही समय पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ । पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । | **बृश्चिक** | अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ । पहिलेका सहयोगी हरू प्रतिस्पर्धामा उत्रिन सक्छन |
| **धनु** | टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विशेष अवसर दिलाउनेछ । समस्या र चुनौती समाप्त हुनेछन् नाम र दाम हातलागी हुनेछ । | **मकर** | उपलब्धि हातपार्न बढी श्रम गर्नुपर्ला । पहिलेको नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ला । आफ्नो उपलब्धिमा अरूले दाबी गर्न सक्छन् । |
| **कुम्भ** | अवसर प्राप्त भए पनि बेसुरमा काम गर्ने बानीले चुनौती निम्त्याउन सक्छ मिहिनेत गर्दा काम प्रारम्भ हुनेछ प्रशस्त दाम भने हातलागी नहुन सक्छ । | **मिन** | सहयोगीबाट गोपनीयता बाहिरिन सक्छ । मिहिनेतले व्यावसायिक चुनौती पन्छाउन सकिनेछ । तत्काल नभए पनि दीर्घकालीन योजना बन्नेछ । |


**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४११३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com


# वनस्पति दिवसको सन्देश



✍विजयराज पौड्याल

हरेक वर्ष चैत्र २९ गते वनस्पति विभागले आफ्नो वार्षिकोत्सव मनाउँदै आएको छ । नेपालमा वनस्पति सम्पदाको सर्वेक्षण, पहिचान, प्रविधि विकास, संरक्षण एवम् संवर्द्धन तथा दिगो विकास गर्ने उद्देश्यले वि.सं. २०१६ मा वनस्पति विभागको स्थापना भएको हो । वि.सं. १९९४ मा वनस्पति स्रोत जगेर्ना र प्रयोग गर्ने हेतुले वनस्पति फाँट र वनस्पति गोस्वाराको स्थापना भएको थियो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र हालका वर्षहरूमा सबै प्रदेश सरकार र कतिपय स्थानीय सरकारले पनि वनस्पति संरक्षणका लागि कानुन जारी गरिसकेका छन् । निजी तथा पारिवारिक वन किसान र समुदायमा आधारित वन व्यवस्थापनमा संलग्न वन समूहहरूले वन कार्ययोजना तयार गरी वनस्पति संरक्षण गरिरहेका छन् । विकास आयोजनाहरूले पनि वातावरण संरक्षण ऐन, २०७६ को प्रावधान अनुसार पूर्वाधार विकासका पूर्व नै वातावरणीय अध्ययन प्रतिवेदनमार्फत् वनस्पति संरक्षणमा सावधानी अपनाउने गरेको पाइन्छ ।

वनस्पति विभागले आर्थिक विकासका लागि ३३ वटा प्रजाति र खेती प्रविधि अनुसन्धान कार्यका लागि १३ वटा जडीबुटीलाई प्राथमिकता प्राप्त जडीबुटीमा राखेको छ । ५८ वटा संकटासन्न औषधीय तथा सुगन्धित वनस्पति प्रजाति पहिचान गरेको छ । यस विभागअन्तर्गत सातवटा वनस्पति अनुसन्धान केन्द्र, ११ वटा वनस्पति उद्यान स्थापना गरिसकेको छ । जर्नल अफ प्लान्ट रिसोर्सेज, फ्लोरा अफ नेपाल, जडीबुटीको असल खेती तथा संकलन अभ्यासका पुस्तिका र ब्रोसर, समाचार पत्रलगायतका सामग्री प्रकाशन गरेको पाइन्छ ।

नेपालको संविधान, २०७२ जारीपश्चात् राष्ट्रिय वन नीति-२०७५, राष्ट्रिय वातावरण संरक्षण नीति-२०७६, वनस्पतिको संरक्षण, विकास र सदुपयोगका लागि नीतिगत तथा माथि उल्लेखित कानुन निर्माण गरेको पाइन्छ । विशेष गरी जडीबुटी तथा गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१ ले दीर्घकालीन सोचमा उच्च मूल्यका जडीबुटी तथा एवम् गैरकाष्ठ वन पैदावारहरूको संरक्षण र संवर्द्धनबाट अर्थव्यवस्थामा ठोस योगदान पुऱ्याई सन् २०२० सम्म अन्तर्राष्ट्रिय जगतमा नेपाल अधिराज्यलाई जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारहरूको बृहत् भण्डारकोरूपमा परिचित तुल्याउनु रहेको थियो ।

*कालो बादल :*

वनस्पतिको संकलन, भण्डारण, ओसार पसारमा प्रतिबन्धको व्यवस्था फराकिलो हुन सकेको देखिँदैन । झण्डै तीन दशकदेखि पाँचऔंले र ओखरको बोक्रा प्रतिबन्धित नै छन् । संरक्षित वनस्पतिका लागि विकास र विस्तारको पहल भएमा वनस्पति पनि जगेर्ना हुने र संकटासन्नको लिस्टमा पनि राखिरहनु पर्दैनथ्यो कि ? साथै, स्थानीय रोजगारी र आय आर्जनको बाटो पनि खुल्ने थियो कि ? वनस्पति संरक्षणमा जैविक चोरी र १२ मिचाहा झारको विस्तार चुनौती बनेको छ । आनुवंशिक स्रोतमाथि पहुँच र लाभको बाँडफाँडका लागि विधायक पनि तयार भएको छ, तर, यसलाई जारी गर्नेतर्फ कानुन निर्माताको ध्यान जान सकेन । जसले गर्दा हाम्रो सम्पत्तिको अभिलेखीकरण तथा दर्ता हुन सकेको छैन । मानवीय तथा जलवायु परिवर्तनका कारण अनियन्त्रित वन डढेलोले मानवीय क्षति, पशु धनको नोक्सानी, वनस्पति लगायतका जैविक विविधताको ह्रास भइरहेको छ । क्षतिग्रस्त स्थानमा वनस्पति पुनर्स्थापनाका कार्य पनि ओझेलमा परेको छ ।

राष्ट्रिय वनमा रहेका वनस्पतिको संरक्षण, अनुसन्धान, सर्वेक्षण, विकास, प्रवर्द्धन, उत्पादन, उपयोग, औषधि उद्योग, बजारीकरणका कार्यहरूमा वनस्पति विभाग, वन तथा भू-संरक्षण विभाग, वन अनुसन्धान तथा प्रशिक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, प्रदेश वन मन्त्रालय अन्तर्गतका वन डिभिजन कार्यालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, समुदायमा आधारित वन व्यवस्थापनमा वन समूह र कृषि जैविक विविधताका लागि कृषि तथा पशु विकास मन्त्रालय तथा निजी किसानहरूबाट हुँदै आएको छ । वनस्पतिबाट औषधि निर्माण र आयुर्वेदसम्बन्धि अध्ययन, अध्यापन र अनुसन्धानमा विश्वविद्यालय, अस्पताल, परिषद्, औषधि व्यवस्था विभाग, सिंहदरबार वैद्यखाना, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी, जडीबुटी सहकारी संस्थालगायतका निकायहरू संलग्न रहेका छन्, तर, वनस्पति सबैको हो, कसैको पनि होइन जस्तो भएको छ ।

नेपालमा भएका १ सय १८ वटा पारिस्थितिकीय प्रणालीमा वनस्पति अनुसन्धान र विकासका लागि जम्मा ११ वटामात्र एकाइ रहनु दुर्भाग्य हो । मूलरूपमा, मुलुकमा २३ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूह रहेका र वनस्पति संरक्षणमा महत्वपूर्ण भूमिका खेलिरहेका छन् । वन संरक्षण मात्र होइन, वनबाट स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा पनि योगदान दिन उद्योगसम्बन्धि कानुनी प्रावधानहरू अझै समूहमैत्री छैनन् ।

नेपालीहरूले जन्मदेखि मृत्युसम्म कर्म, उत्सव, काजक्रियासमेतमा विभिन्न किसिमका वनस्पति प्रयोग हुँदै आएको पाइन्छ । हामीलाई आवश्यक पर्ने आँप, चाँप, पीपल, वर, बेल, पैँयु, दुबो, पान, कुश, चन्दन, पलाँस, नरिवललगायतका वनस्पति के हामीले घर-कम्पाउण्ड, बारी, उद्यानमा रोप्ने वा जगेर्ना गर्ने गरेका छौँ ? जीवन र जीविकोपार्जनसँग जोडेर के हाम्रा आवश्यकताअनुसारका वनस्पति रोपण वा संरक्षणमा पालिकाहरुले ध्यान दिएको छ ?

देशको सामाजिक-आर्थिक विकास गर्न उल्लेखनीय एवं प्रशंसनीय कार्य गर्ने व्यक्ति, समूह वन संस्थालाई पुरस्कृत गर्न वि.सं. २०६६ सालमा राष्ट्रिय वनस्पति पुरस्कार स्थापना गरेको र हालसम्म १६ जनालाई पुरस्कृत गरिसकेको छ । यस प्रकारको थितिले वनस्पति सम्पदाको सर्वेक्षण, पहिचान, प्रविधि विकास, संरक्षण एवम् संवर्द्धन तथा दिगो विकास गर्ने व्यक्ति तथा संस्थाहरूलाई प्रोत्साहन मिलेको छ । तर, दुर्गम गाउँघरका नजिक रहेका वनमा रैथाने वनस्पति संरक्षण, वनस्पति बारे आफ्नो परम्परागत ज्ञान प्रदान गर्ने तथा धामी, झांक्री, वैद्य, स्थानीय समुदाय र आदिवासी जनजातिको योगदानको भने कदर भएको छैन ।

झापाको बुधबारेमा बुधबार, मोरङको मंगलबारेमा मंगलबार अर्थात् पूर्वी नेपालमा आइतबारदेखि शनिबारसम्मै अर्थात् हरेक बार हाटबजारमा गैरकाष्ठ वन पैदावारको विक्री-वितरण हुने गरेको पाइन्छ । काठमाडौँ उपत्यकाका बजारहरू जस्तै ललितपुरको लबिम मल र जावलाखेल मैदानमा मात्र होइन, अन्य स्थानमा हालका वर्षहरूमा मह, टिमुर, अल्लोका कपडा लगायतका गैरकाष्ठ वन पैदावारवाट उत्पादित वस्तु र मन्दिर परिसरमा आँप, चाप, बेलका पात, टपरीलगायतका वनस्पति विक्री-वितरण भइरहेको पाइन्छ । हालका वर्षहरूमा रैथाने मेला पनि आयोजना भइरहेका छन् । तर, के हाम्रा कार्यक्रमहरूले ती साना उद्यमलाई प्रक्रियागत र बजारीकरणमा टेवा पुऱ्याउन सकेको छ त ? के गैरकाष्ठ वन पैदावारको बजार सूचना स्थानीय समुदाय तथा आदिवासी जनजातिको पहुँचमा छ ?

*चाँदीको घेरा :*

यस वर्षको वनस्पति दिवसको पूर्वसन्ध्यामा नयाँ सरकारको आगमनबाट वनस्पति संरक्षण, विकास, औषधीय गुण, व्यावसायिक गुण तथा अन्य घरेलु प्रयोजनलगायत औद्योगिक प्रयोजनका गुण पत्ता लगाउने र दिगो उपयोग गरी नेपालको आर्थिक तथा सामाजिक विकासमा योगदान दिने खालका कार्यनीति लिने आशा राख्न सकिन्छ । सर्वप्रथम, गैरकाष्ठ वन पैदावारको अभिलेखीकरण तथा दर्तासमेतका लागि आनुवंशिक स्रोतमाथि पहुँच र लाभको बाँडफाँडका लागि तयार भएको जडीबुटी तथा गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१ ले लिएको दीर्घकालीन सोच र नीतिको कार्यान्वयन अवस्था २०८३-८४ देखि लागू हुने गरी पञ्चवर्षीय योजना तयार गरी कार्यान्वयन भएमा नेपालको नयाँ सरकारको प्रशंसा हुनेछ ।

: समाप्त :

# दुईदिने बिदाका अवसरहरु



✍कृष्णहरि बास्कोटा

नेपालमा तत्कालीन प्रधानमन्त्री देव शमशेरले शनिबार सार्वजनिक बिदा दिने प्रचलन आरम्भ गरेका थिए । आजसम्म मुलुकमा यसैले निरन्तरता पाएको छ । यसमा क्रमभङ्गताका लागि पटक पटक आइतबारसमेत सार्वजनिक बिदा थपिएका छन् । ती छोटा अवधिमै संशोधन भएका छन् । वर्तमान सरकारले २०८२ चैत २३ गते सोमबारदेखि सर-कारी कार्यालय र शैक्षिक संस्था बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने र हप्तामा शनिबार र आइतबार गरी दुई दिन बिदा दिने घोषणा गरेको छ । यसले सार्वजनिक बिदाका विषयमा बहस निम्तिएको छ ।

*सरकारी स्पष्टीकरण :*

सरकारले पेट्रोलियम पदार्थको आपूर्तिमा देखिएको असामान्य परिस्थितिका कारण हप्तामा दुई दिन बिदा दिने घोषणा गरेको छ । इजरायल-अमेरिका र इरानबिच हाल युद्ध जारी जस्तै छ । दुई साताका लागि विराम भए पनि युद्ध टुङ्गिएको छैन । यसका कारण एकातिर पेट्रोलियम पदार्थको उत्पादन घटेको छ भने अर्कातिर यसको ढुवानीमा अवरोध उत्पन्न भएको छ । पेट्रोलियम पदार्थको आपूर्तिमा देखिएको असहजता, अन्तर्राष्ट्रिय ऊर्जा संकट र इन्धनको खपत घटाउन सरकारले यो निर्णय लिन बाध्य भएको भनिएको छ ।

*दुईदिने बिदाका फाइदा :*

नेपाल सरकारका कार्यालय र शिक्षण संस्था दुई दिन बिदा भएपछि यसको असर सबै क्षेत्रमा पर्नेछ । यसबाट सवारीसाधन कम गुड्ने छन् । वातावरण प्रदूषण नियन्त्रणमा सघाउ पुग्नेछ । पेट्रोलियम पदार्थको आयात कम भएपछि नेपालको व्यापार घाटामा कमी आउने छ । यसबाट सरकारी कर्मचारीलगायतले दुई दिनको बिदा उपयोगबाट लाभ लिने छन् । यसबाट आन्तरिक पर्यटन विस्तार हुनेछ । यसको माग निजी क्षेत्रबाट भइरहेको छ । यसबाट घरायसी काम दुरुस्त हुने छन् । कर्मचारी लगायतको पढाइलेखाइमा मद्दत पुग्नेछ ।

*दुईदिने बिदाका बेफाइदा :*

बिगतमा दुई दिन बिदा हुँदा केही सरकारी कर्मचारी र विद्यार्थी बरालिएको पाइएको थियो । मदिरा सेवन गर्ने र तास खेल्नेको समय लम्बिएको थियो । यसैगरी स्कुल र कलेज बन्द गर्न पल्किएका विद्यार्थी थप कुलतमा फसेका थिए । दुर्गम स्थानबाट बल्लतल्ल सदरमुकाम वा काठमाडौँ आइपुगेकाहरू दुई दिन बिदाका कारण रणभुल्लमा परेका थिए । वैदेशिक रोजगारीमा जाने पनि यसैगरी जिल्लिएका थिए । थोरै मानिस र कम तलबबाट धेरै काम लिनुपर्ने निजी क्षेत्र र गैसस क्षेत्र पीडामा थियो ।

*विद्यार्थीको पढाइ :*

देवशमशेरको शनिबार बिदा दिने प्रचलनले वर्षमा ५२ दिन बिदा हुन्छ । नेपाल सरकारले वर्षमा करिब ३५ दिन विभिन्न चाडपर्व र उत्सवमा बिदा दिने गरेको छ । स्कुलमा जाडो र गर्मीको बिदा कम्तीमा १५/२० दिनको हुन्छ । यस अतिरिक्त परीक्षा तयारीको बिदा, रिजल्ट कुर्ने बिदा, वार्षिकोत्सव, सरस्वती पुजालगायतका बिदा पनि कम्तीमा १५/२० दिनको हुन्छ । यसमा आइतबारको ५२ दिन बिदा थपिँदा विद्यार्थीका वार्षिक बिदाको योगफल करिब १८० दिन हुन आउँछ । सरसर्ती अन्य मुलुकलाई चियाउँदा वार्षिकरूपमा भारतमा २१० दिन, जापान र कोरियामा २३० दिन, बेलायतमा १९० दिन, अमेरिकामा १८० दिन, फ्रान्समा १६० दिन र नेपालमा १८५ दिन पढाइ हुने अनुमान छ । कोभिडको समयमा लकडाउन हुँदा स्कुलले अनलाइन कक्षा सञ्चालन गरेका थिए । सरकारले प्रतिविद्यार्थी प्रतिमहिना पाँच सयको इन्टरनेट सेवा शुल्क प्रदान गरेको थियो । यसैप्रकारको कुनै वैकल्पिक प्रबन्ध नगरे विद्यार्थीको पढाइ चौपट हुने देखिन्छ ।

बिदा मिलान संसारका दुई तिहाइ मुलुकमा शनिबार र आइतबार बिदा दिने प्रचलन छ । ती मुलुकमा सामान्यतः अन्य बिदा हुँदैन । हाम्रो चाडपर्व र दिवसको बिदालाई अधिकतम १० दिनमा झार्नु पर्छ । हालका सुविधारूपी बिदालाई कर्मचारीले आलोपालोकारूपमा लिन पाउने प्रबन्ध गर्न सकिन्छ । यसबाट सरकारी कार्यालय खुला नै रहन्छ । नेपालको कानुनमा बिदा अधिकार होइन, सहुलियत हो भनिएको छ ।

यसको प्रबन्ध कार्यालय प्रमुखबाट हुने नै छ । यसैगरी कर्मचारीलाई महिनाको एक दिन ‘क्याजुअल’ बिदाको सुविधा छ । यो उपयोग नगरेमा ल्याप्स हुन्छ । कर्मचारीले मासिक साढे दुई दिन घर बिदा पाउँछन् । यसको सञ्चिति १८० दिनभन्दा बढी भएमा ल्याप्स हुन्छ । यसबाट कर्मचारीले ‘फोर्स लिभ’ लिने गरेका छन् । यसरी बिदा उपयोग नगरेमा सोबापत औसत तलबको दरले नगद दिने प्रणाली अवलम्बन गरेमा कर्मचारी नियमित काममा आउने छन् । यस्तै प्रबन्धले विकसित मुलुकमा हप्तामा दुई दिन बिदा दिइएको छ ।

*सेवाग्राहीको मर्का :*

सेवाग्राहीका लागि सातै दिन र चौबिसै घण्टा सेवा पाउनु खुसीको कुरा हो । विश्वमा यो चलनचल्तीमा छ । यस अनुसार सार्वजनिक सेवा अनलाइनबाट उपलब्ध गराइन्छ । वर्तमान सरकारले ‘अनलाइन प्री अप्वाइन्टमेन्ट’ लिन पाउने व्यवस्था गर्ने प्रतिबद्धता जनाएको छ । यसैगरी ‘गभर्मेन्ट कुरियर सिष्टम’ बाट राहदानी, नागरिकता, राष्ट्रिय परिचयपत्र, सवारीचालक अनुमतिपत्र घर मै ल्याइदिने पनि सरकारी प्रतिबद्धतामा परेको छ । यी असम्भव विषय होइनन् । प्रयास गरेमा सफलता हासिल हुने विकसित मुलुकले प्रमाणित गरिसकेका छन् । हाल नेपाल प्रहरीले चरित्रसम्बन्धि प्रमाणपत्र अनलाइनबाटै उपलब्ध गराउँछ, जसअनुसार वैदेशिक रोजगारीमा आवश्यक पर्ने अनुमतिपत्र अनलाइनबाट उपलब्ध गराउन कुनै बाधा पर्दैन । आमाबुवा दुवैजना वंशजको नाताले नेपालको नागरिक रहेको, निजको सन्तान नेपालमै जन्मिएको र नेपालमै पढिरहेकालाई अनलाइनबाट नागरिकता दिन कुनै बाधा छैन । स्कुल, कलेज र विश्वविद्यालयबाट जारी हुने मार्कसिट र चारित्रिक प्रमाणपत्र अनलाइनबाट पठाइदिए हुन्छ । यसरी अधिकांश सेवा सहजै जनतालाई अनलाइनबाट प्रदान गर्न सकिन्छ । यसका लागि उपयुक्त विद्युतीय कानुनका अतिरिक्त सरकारी मानिस र आमजनताको सोचाइमा परिवर्तन ल्याउन जरुरी छ ।

*‘माइन्डसेट’ मा परिवर्तन :*

पंतिकार प्रशासन सुधार अनुगमन समितिको संयोजक हुँदा केही सरकारी कार्यालयका सेवा बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म सिफ्टमा कर्मचारी खटाई प्रदान गर्न सिफारिस गरेको थिएँ । सो अनुसार काठमाडौँ उपत्यकाभित्रका जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, वैदेशिक रोजगार कार्यालय, यातायात कार्यालयलगायतमा कर्मचारी बिहान ६ बजेअघि नै पुगी सेवा प्रवाह आरम्भ गरेका थिए । नतिजा भने पूर्णतः निराशाजनक भयो ।

सामान्यतः अपवादबाहेक सेवाग्राही बिहान र साँझ सेवा लिन आएनन् । कर्मचारी सेवाग्राही कुरेर बसे । त्यसका कारण करिब छ महिनापछि यो सेवा बन्द भयो । सरकारी पदाधिकारी र सेवाग्राही जनताको ‘माइन्डसेट’ परिवर्तन नभई दुईदिने बिदा सफल हुन कठिन छ ।

*आवश्यक पूर्वाधार :*

विकसित मुलुकमा बिहानै खुलेका कार्यालय साँझ मात्रै बन्द हुन्छन् । त्यहाँ कर्मचारी उक्त समयमा काम गर्न रमाएका छन् । कारण, उनीहरू बिहान घरमा पेटभरि ‘ब्रेकफास्ट’ खान्छन् । दिउँसो ‘लञ्च’ खाने बानी परेको छ । उनीहरू ‘लञ्चबक्स’ घरमै तयार पार्छन् । कार्यालयमा खाना तताउने उपकरण उपलब्ध हुन्छ । लञ्च खाने समय छुट्याइएको हुन्छ । लञ्च खाने मेचटेबुल हुन्छ । चिया, कफी जस्ता सामग्री कार्यालयले उपलब्ध गराउँछ । ‘माईक्रोओभन’ र फ्रिज कर्मचारीका लागि उपलब्ध हुन्छ । किनेर खान ‘क्याफ्टेरिया’ वा क्यान्टिनको व्यवस्था हुन्छ, जहाँ सहुलियत मूल्यमा गुणस्तरीय खाना उपलब्ध हुन्छ । नेपालमा पनि सरकारी कार्यालय, विद्यालयलगायतमा सहुलियत पूर्ण मूल्यमा दिउँसोको खाना खानेलगायतका प्रबन्ध गर्न सकिए भविष्यमा पनि दुईदिने बिदालाई निरन्तरता दिन सजिलो हुनेछ ।

*मजदुरका पीडा :*

समाजमा कैयौँ मानिस दैनिक काम गरेर हातमुख जोर्ने गर्छन् । यस्ता मानिसलाई दुईदिने बिदाले समस्या पर्न सक्छ । दैनिक ज्यालादारीका कर्मचारीले शनिबार चार दिन कट्टी गरी २५/२६ दिनको तलब पाइरहेकामा भविष्यमा महिनामा आठदेखि १० दिनको तलब कट्टा हुन सक्छ । यो भनेको एक तृतीयांश तलब कट्टी हुने हो । यस पाटोबाट पनि समस्याको समाधान खोजिनु पर्छ ।

*स्टक मार्केटको कारोबार :*

हाल नेप्सेको कारोबार हप्तामा पाँच दिन हुने गरेको छ । हप्तामा कार्यालय नै पाँचदिने भएपछि नेप्से कारोबार चार दिन मात्रै हुने हो कि भन्ने चर्चा र चासो बढेको छ । यस्ता विषयमा पनि समुचित सम्बोधन हुन जरुरी छ ।

*निजी र गैससको चासो :*

सरकारी कार्यालय र विद्यालय हप्तामा पाँच दिन खुल्ने भएपछि निजी क्षेत्र, गैरसरकारी क्षेत्रलगायतमा तरङ् पैदा भएको छ । ती निकाय सरकारी लयमा चल्ने वा आफ्नै समयसारिणीमा चल्ने भन्ने दुबिधा हुनु स्वाभाविकै हो । विश्वव्यापी अनुभवका आधारमा मुलुकभित्रका सबै निकायमा हप्तामा दुई दिन बिदा दिँदा नै काममा सामञ्जस्य हुन्छ ।

*अनुत्तरित प्रश्न :*


इजरायल-अमेरिका तथा इरानबिचको युद्ध हाल दुई हप्ताका लागि रोकिए पनि यो युद्ध दीर्घकालका लागि अन्त्य गर्ने प्रयास भइरहेको छ । नतिजा सकारात्मक गोरेटोमा छ । यसपछि नेपालका सरकारी कार्यालय र विद्यालय आइतबार पनि खुल्छन् कि अब भविष्यमा पनि हप्तामा दुई दिन नै बिदा हुन्छ भन्ने प्रश्न निरुत्तरित छ । यसलाई स्पष्ट पार्दै अघि बढ्दा नयाँ कार्य-संस्कृतिको विकासमा मद्दत पुग्ने नै छ ।

*निष्कर्ष र सिफारिस :*

विश्वमा देखिएको विषम परिस्थितिका कारण नेपालमा हाल हप्तामा शनिबार र आइतबार गरी दुई दिन बिदा दिइएको छ । यसलाई भविष्यपर्यन्त निरन्तरता दिनुपर्ने अभिमत छ पङ्क्तिकारको । यसका लागि हाल नेपालमा कायम भएका चाडपर्व, दिवसलगायतका करिब ३५ दिनको वार्षिक बिदालाई अधिकतम ७ दिनमा सीमित गर्नुपर्छ । स्कुलमा विद्यार्थीका जाडो र गर्मी बिदा, परीक्षाका बिदा, वार्षिकोत्सव बिदा लगायतलाई अधिकतम १५ दिनको सीमाभित्र राख्नु पर्छ ।

नेपालभरि तराई, पहाड, हिमाल तथा हिउँद र वर्षा सबै समयमा कार्यालय समय बिहान ९ बजेदेखि ५ बजेसम्म कायम गर्नुपर्छ । यो व्यवस्था सरकारी निकाय र सरकारी स्कुलका साथै निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी, अन्तर्राष्ट्रियसंग संस्थालगायत सबैका लागि समानरूपमा लागु हुनुपर्छ । यसरी कामकाजमा सहभागी हुने पेशाविद् र आमनेपालीले बिहान ‘ब्रेकफाष्ट’ खाने र दिउँसो ‘लञ्च’ खाने नयाँ संस्कृतिको क्रमशः विकास गर्नुपर्छ ।

*साभार : गोरखापत्र दैनिक*




# युद्धको असर नेपाली भान्सामा

काठमाडौं/पश्चिम एसिया द्वन्द्वको असर प्रत्यक्षरुपमा नेपालीको दैनिक जनजीवनमा पर्न थालेको छ। ३९ दिनदेखिको युद्ध हाल भने रोकिएको छ । तर, उक्त युद्धको असर नेपाली भान्सामा पर्न थालेको छ । यद्धपि, १५ दिनका लागि अमेरिका इरान युद्ध रोकिएको छ र पाकिस्तानमा भएको शान्तिवार्ता कुनै परिणाममा पुग्न सकेको छैन। उक्त युद्धले गर्दा नेपालीको औषधि उपचार देखि भान्सासहित दैनिक जनजीवनमा महंगीको चर्को मार पर्न थालेको छ। महंगी अधिक बढेपछि राजधानीका कतिपय घरबेटीहरुले घरभाडासमेत बढाउन भाडावाललाई दबाब दिन थालेका छन्।

अमेरिका-इजरायल-इरान द्वन्द्वको चपेटामा मुख्यगरि इन्धनको अन्तर्राष्ट्रिय स्रोत ध्वस्त हुनु, इन्धनसहित पेट्रोकेमिकल आयात हुने हर्मुज रुट अवरोध, इन्धनसहित कच्चापदार्थको अधिक मूल्यवृद्धि, आयात गर्दा हुने सामुद्रिक बीमाको अधिक वृद्धि र सिपमेन्टको ढुवानी खर्च वृद्धिको प्रत्यक्ष असर नेपालीको दैनिक जनजीवनमा पुऱ्याएको छ । यस्ता शीर्षकहरुमा अन्तर्राष्ट्रियरुपमै मूल्यवृद्धिका कारण नेपालको खेतीपातीदेखि भान्सा, औषधिको उपलब्धता, दैनिक जनजीवनदेखि औद्योगिक क्षेत्रको उत्पादनसम्म ठूलो असर पुऱ्याएको छ । सरकारले महंगीको मारबाट जोगाउन थोरै भए पनि ठोस नीति नलिनुले आमउपभोक्ताको टाउकोमाथि चरम महंगीको भारसमेत थोपरिएर दैनिक जनजीवन नै कष्टकर बनाइएको छ।

*दैनिक जनजीवनमा यसरी पुऱ्यायो असर*

रमा खत्रीलाई हाल तरकारीदेखि चामल, तेल, मसलादेखि यातायात भाडासम्म बढेको मूल्यले आपत् पारेको छ। विराटनगर तीनटोलिया घर भएर पछिल्लो ९ वर्षदेखि राजधानीमा बसोबास गर्दै आएकी खत्री निम्न वर्गभित्र पर्छिन्। निजी चप्पल कारखानामा काम गर्दै आएकी उनी महिनाको १८ हजार पारिश्रमिक पाउँछिन्। उनका तीन बच्चामध्ये २ विद्यालयमा अध्ययन गर्दैछन्। २ वर्षको काखे बच्चा च्यापेर उनी दैनिक काममा जान्छिन्। सवारी दुर्घटनामा परेर एक वर्षअघि उनका पतिको निधन भएपछि घरको सम्पूर्ण जिम्मेवारी खत्रीकै काँधमा आइपरेको हो।

एउटा सानो अँध्यारो कोठाको मात्र उनले ८ हजार भाडा तिर्नुपर्छ। घरबेटीले खानेपानीको सुबिधा दिएको छैन । त्यही भएर उनी खानेपानी किनेर प्रयोग गर्दै आएकी छन्।

यही बेला इन्धनको मूल्य बढ्यो भनेर व्यवसायीले तरकारी, मसला, चामल, पिठो, खानेतेल, खानेपानीसम्मको मूल्यवृद्धि गरेका छन्। खत्रीका अनुसार चामलको बोरामा डेढ सयदेखि २ सय रुपियाँसम्म मूल्य बढेको छ । खानेतेलमा १ सय, खानेपानी जारमा १ सय रुपियाँ वृद्धि भएको छ। महंगी बढेअनुसार उनको तलब भने बढेको छैन । तर, त्यही महंगी बढाएको बहानामा हाल घर बेटीले मासिक भाडा १ हजार बढाउने भनेर दबाब दिइसकेका छन् । घर बेटीले सुबिधा केही नदिने तर वर्षेनी ५ सयदेखि १ हजार रुपियाँसम्म वृद्धि गर्ने गरेको उनको भोगाइ छ। अन्य मुलुकमा घर बहालसम्बन्धि मापदण्ड र सुबिधा हुन्छ। त्यसअनुसार भाडा लिने व्यवस्था भए पनि नेपालमा भने घरबेटीले कुनै सुविधाबेगर नै आफूखुसी घरबहाल उठाउँदै आएका छन् । यसबाट लाखौं सर्वसाधारण मारमा परेको उनले बताइन्।

'चार-पाँच वर्ष भयो तलब नबढेको। तर, हामीकहाँ कुनै न कुनै बहानामा महंगी बढेको बढ्यै छ । सरकारले पनि महंगी किन बढ्यो, कसलाई अत्यधिक मार पर्यो भनेर कहिल्यै सोधखोज गर्दैन,' खत्रीले भनिन्-हुँदाहुँदै हाल महंगी बढ्यो भनेर घरबेटीले पनि आउने बैशाखदेखि घर भाडा १ हजारले वृद्धि गरेको भनेर जानकारी गराइसक्यो । अब त बालबच्चासहित आफ्नो पेट पाल्नै धौंधौ पऱ्यो। गाउँ फर्कौं भने त्यहाँ रोजगारीको कुनै अवसर छैन। उनका अनुसार सरकारले यातायातको भाडादर वृद्धि गर्दा अझ कठिनाइ भएको छ। पहिले २० रुपियाँ लाग्ने स्थानमा ५ बढेर २५ रुपियाँ पुगेको छ । बढेको बसभाडाका कारण मासिकरुपमा साढे तीन सयदेखि ५ सय रुपियाँ अतिरिक्त खर्च थपिएको छ। दैनिक तरकारी र खाद्यान्नसम्म महंगी बढ्दा उनको खर्च हाल मासिक ३ हजार बढी थपिएको छ।

'सरकार चाहिने भनेको आपत्-विपद्मै हो, तर आपत्-विपद्मै चौतर्फीरुपमा महंगीको मार हामीजस्ता निम्न र मध्यम वर्गीय सर्वसाधारणमाथि थपियो,' खत्रीले भनिन् । महंगीको मारले कसरी आमसर्वसाधारणलाई थिलथिलो बनाएको छ, खत्री त्यसको एउटा उदाहरण पात्रमात्र हुन् । जडीबुटी बस्ने सुनिता लामालाई पनि चौतर्फीरुपमा बढेको अधिक महंगीले पिरोलेको छ। महंगीका कारण दैनिक जनजीवन र भान्सा चलाउन निकै कठिनाइ भएको उनको गुनासो छ। पहिले एक सय खर्च गर्दा दुई दिनलाई पुग्ने तरकारी हाल एक छाकलाई पुग्ने पनि आउन छाडेको उनको भनाइ छ।

'बिक्रेताहरुले ढुवानी भाडा बढ्यो भनेर हाल अचाक्लीरुपमा महंगो गरी बिक्री गर्न थालेका छन्,' लामाले भनिन्-पहिले २० देखि २५ रुपियाँ प्रतिपाउ पाइने तरकारी हाल प्रतिपाउकै ५० देखि ६० बनाएका छन् । झन् चामल, दाल, तेल, पानीको कुरै नगरौं। महंगी वृद्धिका कारण निम्न र मध्यम वर्गीय परिवारलाई पेट पाल्नै निकै कठिनाइ भयो । अन्य मुलुकका सरकारले थोरै भए पनि राहत दिएका छन्। तर, हाम्रोमा झन् चौतर्फीरुपमा महंगीको भार थपिएको छ।

*खाद्यान्नमा १० देखि डेढ सयसम्म मूल्यवृद्धि*

नेपाल खुद्रा व्यापार संघका महासचिव अमुलकाजी तुलाधरका अनुसार पुस १५ यता खाद्यान्नदेखि खानेतेलसम्म अधिक मूल्यवृद्धि भएको जानकारी दिए । 'मूल्य हामीले बढाएका होइनौं, उद्योग र थोक बिक्रेताबाट नै मूल्यवृद्धि भएर आएको छ। यसमा हामीजस्ता खुद्रा व्यापारीले केही गर्न सक्दैनौं,' तुलाधरले बताए । उनका अनुसार हरेक चामलको बोरामा ७० देखि १ सय ७५ रुपियाँसम्म मूल्यवृद्धि भएको छ। हरेक प्रकारका खानेतेलमा १० रुपियाँदेखि ४५ रुपियाँ प्रतिलिटरसम्म बढेको छ।

संघका अनुसार १ सय ७५ रुपियाँ प्रतिकिलोमा बिक्री भइरहेको मास दालमा १५ रुपियाँ बढेर हाल १ सय ९०, प्रतिकिलो २ सय रुपियाँमा बिक्री भएको मुग दाल २० रुपियाँ बढेर २ सय २०, १ सय ८० रुपियाँमा बिक्री भएको मुसुरो दालमा २० रुपियाँ बढेर २ सय र २ सय रुपियाँमा बिक्री भएको रहर दालमा २० रुपियाँ बढेर उपभोक्ता मूल्य २ सय २० पुगेको छ । ४ सय ३० प्रतिलिटर रहेको भुटेको तोरी तेलमा १० रुपियाँ बढेर ४ सय ४०, ३ सय ६० रुपियाँ रहेको काँचो तेलमा १५ रुपियाँ बढेर ३ सय ७५, २ सय ४५ रुपियाँ रहेको भटमास तेलमा ४५ बढेर २ सय ९० र २ सय ५० रुपियाँमा बिक्री हुने सनफ्लावर तेलमा ४५ रुपियाँ वृद्धि भएर २ सय ९५/लिटर मूल्य पुगेको छ । ७५ रुपियाँ प्रतिकिलोमा पाइने गहुँको पिठोमा ५ रुपियाँ बढेर ८०, ५ सय २० प्रतिकिलो रहेको जिरामा २० रुपियाँ बढेर ५ सय ४० र २ सय ४० प्रतिकिलोमा बिक्री भएको धनियाँमा ३५ रुपियाँ वृद्धि भएर २ सय ७५ मा कारोबार भइरहेको छ।

नेपाल चामल, तेल, दाल उत्पादक संघका कार्यसमिति सदस्य विभोर अग्रवालका अनुसार अन्तर्राष्ट्रिय भुराजनीतिको प्रभाव र आन्तरिक ढुवानी भाडावृद्धिको असर भान्सादेखि दैनिक जनजीवनमा परेको छ । संघीय सरकारले सार्वजनिक सवारी यातायातमा १६.७१ प्रतिशत् र पहाडी भेगको ढुवानीमा २१.६८ र तराई भेगको ढुवानी भाडा १५.७५ प्रतिशत् वृद्धि गरेको थियो। शनिबारमात्र बागमती प्रदेशले पनि प्रदेशभर सवारीसाधनमा चढ्नेबित्तिकै ५ किलोमिटरसम्मको दुरीमा २५ रुपियाँ र ढुवानीतर्फ प्रतिकिलोमिटरमा १८.७६ रुपियाँ लाग्ने गरी भाडादर समायोजन गरेको छ।

भारतले आफ्ना जनतालाई महंगीको मारबाट जोगाउन पेट्रोलमा लाग्ने स्पेसल एक्सरसाइज ड्युटी शुल्क १३ रुपियाँलाई घटाएर ३ रुपियाँ मात्र कायम गरेको छ । डिजेलमा लाग्दै आएको १० रुपियाँ प्रतिलिटर बाट घटाएर शून्यमा झारेको छ । तर, नेपालमा पछिल्लो समयमा नेपाल आयल निगमलाई मात्र फाइदा हुने गरी सरकारले पेट्रोल, डिजेल र मट्टीतेलमा लाग्दै आएको भन्सार शुल्क ५० प्रतिशत् र पूर्वाधार विकास शुल्कमा लाग्दै आएको शुल्क ५० प्रतिशत् घटाएको थियो। घटाइएको शुल्कले आमउपभोक्तालाई भने कुनै पनि प्रकारको फाइदा भएको छैन। अग्रवालका अनुसार दाल, चामल र खानेतेलसम्मको मूल्यवृद्धि भएको छ। भुराजनीतिका कारण भारतमा पनि यतिबेला चामल, दाल र खानेतेलको मूल्य निकै बढिसकेको उनको भनाइ छ।

'नयाँ धान गत कात्तिकमै खेतबाट काटियो, बैशाख लाग्न थाल्यो, त्यो धानको चामल बजारमा आएको ६ महिना भयो, त्यो सर्टेज हुन लागेका कारण पनि मूल्य बढेको छ,' अग्रवालले भने-त्यसबाहेक हाल देखिएको जियोपोलिटिक्स पनि कारण हो । पछिल्लो समयमा सुरु भएको द्वन्द्वका कारण इन्डियाको फुडग्रेन्सको डिमान्ड निकै बढेको छ । यस्तो अवस्थामा भारतबाट धेरै मुलुकमा चामलको निर्यात निकै बढेका कारण पनि मूल्य बढेर त्यसको प्रभाव नेपालको घरेलु बजारसम्म चरम महंगीको मार परेको हो।

उनका अनुसार हाल प्रतिबोरा १ सयसम्म वृद्धि भएको थियो । पछिल्लो समयमा सरकारले ढुवानीभाडामा गरेको मूल्यवृद्धिका कारण अब थप १ सय वृद्धि हुने अवस्था सिर्जना भएको छ। फागुन पहिलो सातासम्म १ हजार ९ सय ५० रुपियाँ प्रतिबोरा बिक्री भएको चामलको मूल्य केही समयसम्म १ हजार ९ सय ७५ रुपियाँसम्म पुगेको थियो। पछिल्लो समयमा वृद्धि भएको ढुवानीभाडाका कारण २०५० देखि २१०० सम्म थोकमै मूल्यवृद्धि हुने अवस्था सिर्जना भएको उनको भनाइ छ । नेपालीको भान्सामा पाक्ने दालको अधिकांश हिस्सा भारतसहित तेस्रो मुलुकबाट आयात हुन्छ।

दाल उद्योगी सशांक चाचनका अनुसार दालको मूल्यमा खासै वृद्धि नभए पनि सिपमेन्टको ढुवानी वृद्धि, आवश्यक समयमा सिपमेन्ट नपाइने र सामुद्रिक बीमा खर्च वृद्धिका कारण लागत खर्च बढेको छ। लागत खर्च वृद्धि हुँदा त्यसको असर नेपालको भान्सासम्म पुगेको उनको भनाइ छ। उनका अनुसार पछिल्लो समयमा सिपमेन्ट ढुवानीमा प्रतिटन ४० देखि ५० डलर लागत खर्च बढेको छ। सामुद्रिक बीमाको खर्च पनि वृद्धि भएका कारण त्यसको प्रत्यक्ष प्रभाव नेपाली भान्सासम्म पुगेको छ।

'हाल बजारमा देखिएको मूल्यवृद्धिको प्रभाव भुराजनीतिले गर्दा हो,' चाचनले भने-होर्मुज रुटबाट नआएपछि द्वन्द्वको प्रभावका कारण सिपमेन्ट ढुवानी र बीमा खर्चवृद्धि भएका कारण स्वदेशी बजारमा मूल्य बढेको हो। पछिल्लो समय सरकारले गरेको यातायात ढुवानीभाडा वृद्धिका कारण आगामी दिनमा थप मूल्यवृद्धि हुनसक्छ।

*महासंघले सार्वजनिक सवारीका कर्मचारीलाई भन्यो :*

## यात्रुसँग नम्र भाषा प्रयोग गर्नू




सन्देश संवाददाता

काठमाडौं/नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले मातहतमा सञ्चालित सार्वजनिक सवारी साधनका कर्मचारीलाई यात्रुसँग नम्र भाषा प्रयोग गर्न आग्रह गरेको छ।

आइतबार एक आह्वान सार्वजनिक गर्दै महासंघले भनेको छ, 'सार्वजनिक यात्रुवहाक सवारी साधन चालक, परिचालक अनुशासित भई यात्रुसँग नम्र भाषा प्रयोग गर्ने । समय समयमा यात्रुलाई शौचालय भएको स्थानमा रोकी सफा, शुद्ध खानाको व्यवस्था मिलाउनु पर्नेछ।'

सार्वजनिक सवारी साधनमा कर्मचारीको अमानवीय व्यवहारको शिकार धेरै यात्रु बनिरहेका छन् । तीव्र आलोचना हुँदा पनि उनीहरूको व्यवहारमा परिवर्तन नआउँदा व्यवसायीमाथि नै आलोचना हुने गरेको छ।

महासंघले सञ्चालन गर्नुअघि सवारी साधनको चेकजाँच अनिवार्य गर्न, साधन सफा र आकर्षक बनाई चलाउन समेत भनेको छ । साथै यात्रुलाई पनि झ्यालबाट जथाभावी फोहोर नफाल्न र अपशब्द नबोल्न सचेत गराएको छ।

सवारी साधनमा डस्टबिन राखी फोहोरको व्यवस्थापन गर्न महासंघले सदस्य व्यवसायीलाई आग्रह गरेको छ । यात्रुवहाक सवारीसाधन र मालबाहक सवारी साधनलाई पार्किङ स्थलमा मात्र पार्किङ गर्न भनेको छ।

सार्वजनिक सवारी साधन सञ्चालन गर्दा सडक पुनर्निर्माण भएको स्थानमा पार्किङ, जथाभावी जाम गरी तछाडमछाड नगर्न महासंघले आग्रह गरेको छ । सार्वजनिक सवारीलाई ट्राफिक नियमको पूर्ण पालना गर्न भनिएको छ। गन्तव्यमा प्रस्थान गर्दा बाटोको अवस्थाबारे पूर्व जानकारी लिएर मात्र यात्रा गर्न समेत सचेत गराइएको छ। यात्रुलाई अनिवार्य टिकट लिएर यात्रा गर्न महासंघले आग्रह गरेको छ।

## कांग्रेस क्रियाशील बन्न आफै वडामा जानुपर्ने, शपथ खानुपर्ने

सन्देश संवाददाता

नेपाली/कांग्रेसले वैशाखभर क्रियाशील सदस्यता नवीकरण र वितरण गर्ने भएको छ। नेताहरूका अनुसार क्रियाशील सदस्य लिन चाहने व्यक्ति अनिवार्य रूपमा सम्बन्धित वडा कार्यसमितिमा पुग्नैपर्ने व्यवस्था गरिएको छ।

पहिलेजस्तो अरूले फारम भरिदिएर र शुल्क तिरिदिएर अब क्रियाशील सदस्यता नपाइने भएको हो । महामन्त्री प्रदीप पौडेलका अनुसार सम्बन्धित व्यक्ति आफै वडा कार्यसमितिमा पुगेर क्रियाशील फारम भर्नुपर्छ। 'क्रियाशील सदस्य लिन चाहने व्यक्ति आफै आफ्नो वडा कार्यसमितिमा पुगेर फोटो खिचाउनुपर्छ, मोबाइल नम्बर अनिवार्य दिनुपर्छ किनकि त्यसमा ओटिपी आउँछ, त्यही पासवर्डका आधारमा क्रियाशील सदस्यता भेरिफाइ गरिन्छ,'।

महामन्त्री पौडेलले भने, 'परम्परागत क्रियाशील सदस्यता कार्डको सट्टामा अब हामी कांग्रेस आइडी दिन्छौं, यो डिजिटल हुन्छ।' कांग्रेसले पार्टीको विद्यमान क्रियाशील सदस्यता वितरण, व्यवस्थापन र अभिलेखिकरण प्रणालीलाई व्यवस्थित, चुस्त र सहज बनाउन खोजेको छ।

हालसम्म पार्टीमा आबद्ध रहेकाहरूलाई क्रियाशील सदस्यता अभिलेखमा राखी एक पटकका लागि सम्पूर्ण सदस्यलाई पुनः क्रियाशील सदस्यता फाराम भर्न समय दिने तयारीमा कांग्रेस छ। त्यसका लागि वैशाखभर क्रियाशील सदस्यता नवीकरण र वितरण अभियान चल्नेछ।

कांग्रेसले वैशाखभिर देशका ६ हजार ७ सय ४३ वटै वडामा सदस्यता अद्यावधिक विशेष अभियान सञ्चालन गर्ने केन्द्रीय समितिबाट निर्णय गरिसकेको छ । 'वैशाखमा सदस्यता अद्यावधिक गरेका सदस्यका लागि पार्टीले नयाँ नम्बर सहित कांग्रेस आइडी दिनेछ,' महामन्त्री पौडेलले भने, 'वैशाखमा अद्यावधिक गरेकाहरूको नामावली मात्रै अब क्रियाशील सदस्यताका रूपमा कायम रहन्छ।'

२०७८ मंसिरमा १४ औं महाधिवेशन हुँदा कांग्रेसमा ८ लाख ८२ हजार ८ सय १६ जना क्रियाशील सदस्य कायम थिए । विधानअनुसार प्रत्येक वर्ष क्रियाशील सदस्यता नवीकरण गर्नुपर्छ तर, अधिकांश क्रियाशील सदस्यले महाधिवेशन तोकिएपछि मात्रै क्रियाशील सदस्यता नवीकरण गर्ने गरेका थिए।

पार्टीका क्रियाशील सदस्यहरू अर्कै पार्टीका उम्मेदवारका पक्षमा खुल्ने, भोट माग्ने र हाल्ने गरेपछि कांग्रेसले थोरै तर संगठनप्रति प्रतिबद्ध क्रियाशील सदस्य मात्रै कायम राख्न खोजेको नेताहरूले बताएका छन्।

यो वर्ष २०८२ मा क्रियाशील सदस्यता नवीकरण गरेकाहरू पनि वैशाखमा सम्बन्धित वडा पुगेर क्रियाशील सदस्य फारम भर्नुपर्ने कांग्रेसले जनाएको छ।

'म काठमाडौंको वडा नम्बर ३० बाट क्रियाशील सदस्य छु । अस्ती भर्खर मैले शुल्क तिरेर क्रियाशील नवीकरण गरेको थिएँ । तर वैशाख १ गते फेरि म वडा कार्यसमितिमा पुगेर क्रियाशील फारम भर्नुपर्छ, फोटोसहित आवश्यक विवरण दिन्छु ।

वडा कार्यसमितिले निर्णय गर्छ अनि मैले कांग्रेस आइडी पाउँछु,' सभापति गगन थापाले भने, 'कांग्रेस आइडी डिजिटल हुन्छ, एकपटक लिएपछि फेरि फारम भरि राख्न पर्दैन।'

कांग्रेस क्रियाशील सदस्यता नवीकरण गर्न रु. २ सय शुल्क तिर्नुपर्छ। हालसालै नवीकरण शुल्क तिरेकाहरूले फेरि शुल्क तिर्न पर्दैन। 'उदाहरणका लागि काठमाडौंको वडा नम्बर ३० मा ३४३ जना क्रियाशील सदस्य छन्।

वैशाखभर कति अद्यावधिक गराउन आउँछन्, कति नयाँ आउँछन् उनीहरूले कांग्रेस आइडी पाउँछन्,' सभापति थापाले भने, 'जो अध्यावधिक गर्न आफै पुग्छन् उनीहरू कांग्रेस क्रियाशील सदस्य रहन्छन्, अद्यावधिक नगर्नेको नाम अभिलेखमा रहन्छ, उनीहरूले १५ औं महाधिवेशनमा भाग लिन पाउँदैनन्।' कांग्रेसले असोजमा १५ औं महाधिवेशन गर्ने गरी केन्द्रीय समितिबाट कार्यतालिका ल्याएको छ।

साथै अब कांग्रेस क्रियाशील सदस्यहरूले शपथ पनि लिनुपर्ने भएको छ। कांग्रेस आइडी लिएलगत्तै वडामै शपथ लिने व्यवस्था छ । शपथको व्यहोरामा 'म नेपाली कांग्रेसको सिद्धान्त, आदर्शप्रति प्रतिबद्ध रहेर नेपाली कांग्रेसको अभियानमा इमान्दारीतापूर्वक सहभागी हुनेछु' भन्ने छ। यो कुरा क्रियाशील सदस्यतासम्बन्धी फारमसँगै समावेश गरिएको छ।

पहिले पनि क्रियाशील सदस्यता लिने बेला यस्तै कुरा लेखिएको चार पेजको फारम हुन्थ्यो तर त्यसलाई प्राथमिकतामा राखिएको थिएन । यसपालि क्रियाशील लिन सम्बन्धित व्यक्ति नै वडा कार्यसमितिमा जानुपर्ने भएकोले शपथ लिनुपर्ने कुरालाई प्राथमिकतामा राखिएको नेताहरू बताए।

क्रियाशील सदस्यहरूलाई पार्टीको सदस्यता लिएको भनेर सार्वजनिक रूपमा स्वीकार गर्न पनि शपथ लिने कुरालाई प्राथमिकताका साथ राखिएको छ।

'अब वैशाखभर क्रियाशील सदस्यता अभियानका क्रममा जतिले अद्यावधिक गर्दैनन् तिनको सदस्यता खारेज भयो भने हुन्छ, ती अभिलेखमा रहन्छन् तर १५ औं महाधिवेशनमा भाग लिन पाउँदैनन्,' सभापति थापाले भने ।यो कुरा सभापति थापाले नेता, कार्यकर्ताहरू सहभागी रहने प्रदेशस्तरीय निर्वाचन समीक्षामा पनि राख्ने गरेका छन्।

## निजी अस्पताललाई नियन्त्रण गर्न ग्रेडिङ

सन्देश संवाददाता




विराटनगर/नेपालको स्वास्थ्य प्रणाली अझै चुनौतीपूर्ण अवस्थामा रहेको एक प्रतिवेदनले देखाएको छ । मातृ तथा बाल मृत्युदरमा सुधार भए पनि मुटु, क्यान्सर र मधुमेहजस्ता नसर्ने रोगका कारण हुने मृत्यु ७१ प्रतिशत् पुगेको उल्लेख गरिएको छ। सडक दुर्घटनालाई पनि अर्को गम्भीर समस्या मानिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गोबिन्दबहादुर कार्कीको नेतृत्वमा तयार गरिएको सुशासनको मार्गचित्र प्रतिवेदनले स्वास्थ्य सेवालाई उपचारमुखीबाट समुदाय-आधारित र डिजिटल प्रणालीमा रुपान्तरण गर्नुपर्ने सुझाव दिएको छ । प्रतिवेदनमा विगतका योजनाहरु कार्यान्वयन नहुनुमा राजनीतिक अस्थिरता, स्रोतअभाव, कमजोर अनुगमन र संस्थागत् हस्तक्षेपजस्ता कारण औंल्याइएको छ । नागरिकलाई घरदैलोमै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने, ओपीडी समय विस्तार गर्ने र स्वास्थ्य बीमालाई प्रभावकारी बनाउने प्रस्ताव गरिएको छ। केन्द्रीय बिडिङमार्फत् औषधि तथा उपकरण खरिद पारदर्शी बनाउने, प्रत्येक स्थानीय तहमा आधारभुत अस्पताल स्थापना गर्ने र ठूला रोगका लागि विशिष्टीकृत अस्पताल विस्तार गर्ने योजना अघि सारिएको छ।

स्वास्थ्य सेवासुधारका लागि डिजिटल प्रणालीमार्फत् नागरिकको स्वास्थ्य विवरणलाई राष्ट्रिय परिचयपत्रसँग जोड्ने र सबै अस्पतालमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड लागु गर्ने लक्ष्य पनि प्रतिवेदनले राखेको छ। निजी अस्पताललाई स्तरीकरण गरी शुल्क नियन्त्रण गर्ने र विपन्नका लागि क्रस-सब्सिडी व्यवस्था लागु गर्ने प्रस्ताव गरिएको छ। प्रतिवेदनले एक वर्षभित्र कानुनी संशोधन र डिजिटल प्रणाली सुरु गर्ने तथा आगामी दुई वर्षभित्र ठूला अस्पताल विस्तार गर्ने समयसीमा निर्धारण गरेको छ। मानसिक स्वास्थ्य क्षेत्रमा पनि सुधारको खाँचो औंल्याउँदै अधिकांश बिरामी अझै उपचारबाट वञ्चित रहेको जनाएको छ।

## 'कृपया मोबाइल फोन बाहिर'



सन्देश संवाददाता

काठमाडौं/प्रधानमन्त्री बालेन शाह र उनका मन्त्रीहरुको कार्यकक्षमा जाँदा मोबाइल फोन लिएर जान प्रतिबन्ध लगाइएको छ। प्रधानमन्त्री र मन्त्रीहरुको कार्यकक्ष बाहिर 'कृपया मोबाइल फोन बाहिर राखेर जानु होला' लेखेर सूचना टाँसेको देख्न सकिन्छ। मन्त्रीहरु विवादमा पर्नसक्ने र सेवाग्राहीसँग गरेको संवाद बाहिर आउने डरले मोबाइल फोन निषेध गरिएको प्रधानमन्त्रीनिकट स्रोत बताउँछ।

काठमाडौं महानगरपालिकाको मेयर भएको बेलामा नगरसभाको बैठक लाइभ गरेर चर्चामा आएका बालेनले प्रधानमन्त्री बनेपछि मोबाइल फोनसमेत लिएर जान निषेध गरेका छन् । सरकारले पछिल्लो समय नागरिकहरुलाई सिंहदरबार प्रवेशमा नै कडाइ गर्दै आएको छ। सरकारले अधिवक्ताहरुलाई समेत सिंहदरबारमा प्रवेश गर्न अनिवार्य पास लिनुपर्ने व्यवस्था गरेको छ। यसरी अघिल्लो सरकारले दिँदै आएको सुबिधालाई दुई तिहाइ बहुमतको सरकारले कटौती गर्दै गएको भनी सर्वत्र आलोचनासमेत हुन थालेको छ।

यतिमात्र नभएर सरकारले दलगत् विद्यार्थी संगठनसमेत खारेज गर्ने तयारी गरेको छ । यद्यपि, सरकारको उक्त तयारीमा विद्यार्थी संगठनहरु भने मौन छन्। सरकारले नागरिकका सानासाना सुबिधाहरु कटौती गर्दै अन्ततः निरंकुशताउन्मुख हुन खोजेको हुनसक्दै भन्दै राजनीतिज्ञहरुले चिन्तासमेत व्यक्त गर्न थालेका छन्।

## मकवानपुरकी प्रनिता हक्कीको राष्ट्रिय टोलीमा




सन्देश संवाददाता

हेटौंडा/मकवानपुरकी प्रनिता पुडासैनी नेपाल हक्की संघले सार्वजनिक गरेको राष्ट्रिय महिला हक्की टोलीमा छनौट भएकी छन्। नेपाल हक्की संघले सार्वजनिक गरेको नामावलीअनुसार प्रनिता छनौट भएकी छन्। राष्ट्रिय टोलीमा उनले फरवार्ड पोजिसनबाट खेल्ने निश्चित भएको छ । भीमफेदी गाउँपालिका वडा-५ निवासी पुडासैनीले आफ्नो खेलकौशल प्रदर्शन गर्दै राष्ट्रिय टोलीमा स्थान सुरक्षित गरेकी हुन्।


सानै उमेरदेखि हक्की खेलमा विशेष रुचि राख्दै आएकी प्रनिताले निरन्तरको मेहनत र खेलप्रतिको समर्पणका कारण सफलता हात पारेकी हुन् । खेलकुद क्षेत्रमा एक अब्बल खेलाडीको पहिचान बनाउन सफल उनी अब राष्ट्रको प्रतिनिधित्व गर्दै मैदानमा उत्रनेछिन्। राष्ट्रिय टोलीमा अनुबन्धित भएर जिल्लाकै गौरव बढाएको भन्दै भीमफेदी गापा र मकवानपुरबासीले उनलाई बधाई तथा शुभकामना दिइ-रहेका छन्। प्रनिताको यस उपलब्धिले स्थानीयस्तरमा रहेका अन्य खेलाडी लाई पनि खेलक्षेत्रमा अघि बढ्न हौसला मिलेको छ।







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थानः रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

# संवैधानिक परिषद् पूर्णताको चरणमा




सन्देश संवाददाता

काठमाडौं/शुक्रबार
प्रतिनिधिसभाको उपसभामुख निर्वाचित भएसँगै संवैधानिक परिषद्ले पूर्णता पाउने चरणमा प्रवेश गरेको छ। प्रमुख विपक्षी दल कांग्रेसले दलको नेता चयन गरेसँगै परिषद्ले पूर्णता पाउनेछ। कांग्रेसले केही दिनमै दलको नेता चयन गर्ने जनाएको छ।

संवैधानिक परिषद्ले पूर्णता पाएसँगै विभिन्न संवैधानिक आयोगमा रिक्त रहेका प्रमुख तथा सदस्य नियुक्ति प्रक्रिया अघि बढ्नेछ। परिषद्को सिफारिसका आधारमा सुनुवाइ गर्न संसदीय सुनुवाइ समितिले समेत पूर्णता पाएको सन्दर्भमा द्रुतगतिमा नियुक्ति प्रक्रिया अघि बढ्ने अपेक्षा गरिएको छ। विगतमा राजनीतिक निकटता र भागबण्डामा नियुक्ति हुने प्रवृत्तिको चर्को विरोध गरेर आएको रास्वपा नेतृत्वको सरकारले राज्यका हरेक निकाय र तहमा भागबण्डाको राजनीति पूर्णरुपमा अन्त्य गर्ने घोषणा गरेको छ। भागबण्डा अन्त्यलाई बटमलाइन बनाएका प्रधानमन्त्रीको अध्यक्षतामा रहने संवैधानिक परिषद्ले अबको सिफारिसको मापदण्ड के बनाउला, राजनीतिक रङबाट कसरी मुक्त राख्ला भन्ने चासो छ।

*कस्तो बन्यो संवैधानिक परिषद् ?*

नेपालको संविधानको धारा २८४ ले प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारी सिफारिस गर्न प्रधान मन्त्रीको अध्यक्षतामा ६ सदस्यीय परिषद्को व्यवस्था गरेको छ। परिषद्मा प्रधानमन्त्रीसँगै प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभा अध्यक्ष, विपक्षी दलका नेता र उपसभामुख रहन्छन्। प्रधानन्यायाधीशकै सिफारिस गर्ने बैठकमा भने कानुनमन्त्री सदस्यका रुपमा रहने व्यवस्था छ। हाल प्रधानमन्त्री रास्वपा वरिष्ठ नेता वालेन्द्र शाह (बालेन) छन् भने सभामुख र रास्वपाबाटै डोलप्रसाद अर्याल (डीपी) निर्वाचित भएका छन्।

उपसभामुखमा रास्वपाकै समर्थनमा श्रम संस्कृति पार्टीकी रुविकुमारी ठाकुर निर्वाचित भइन्। कामु प्रधानन्यायाधीश सपना प्रधान मल्ल छिन् भने राष्ट्रियसभा अध्यक्ष प्रतिपक्षी दल नेकपाबाट सांसद् बनेका नारायणप्रसाद दाहाल छन्। प्रमुख विपक्षी दल कांग्रेसले भने दलको नेता चयन गरिनसकेकाले परिषद्मा कसले प्रतिनिधित्व गर्छ भन्ने यकिन भइसकेको छैन।

*संवैधानिक पदाधिकारी कति खाली ?*

नेपालको संविधानले १३ वटा संवैधानिक आयोगको व्यवस्था गरेको छ। यी सबै आयोगको आआफ्नै काम, कर्तव्य र अधिकार तोकिएको छ। र, सोहीअनुरुप क्रियाशील छन्। महालेखापरीक्षक बाहेक अन्य १२ संवैधानिक आयोगमा १ अध्यक्ष र अन्य ४ सदस्यको व्यवस्था छ। हालको अवस्था हेर्ने हो भने लोकसेवा आयोग, राष्ट्रिय दलित आयोग र आदिवासी जनजाति आयोगमा मात्र पाँचै जना पदाधिकारी छन्। अन्य आयोगमा केही पदाधिकारीको पद रिक्त छ। निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त र १ सदस्य पद खाली छ। प्रमुख आयुक्त दिनेशकुमार थपलिया पदावधि पूरा गरी सेवानिवृत्त भएसँगै हाल कार्यबाहक प्रमुख आयुक्तको जिम्मेवारी रामप्रसाद भण्डारीले पाएका छन्। भण्डारीकै नेतृत्वमा २१ फागुनको प्रतिनिधिसभा चुनाव भयो।

राष्ट्रिय मानवअधिकार आयोगमा १ सदस्य, राष्ट्रिय महिला आयोगमा १ सदस्य, राष्ट्रिय समावेशी आयोगमा अध्यक्ष र १ सदस्य पद खाली छ। समावेशी आयोगमा कार्यबाहक अध्यक्षको जिम्मेवारी हरि दत्त जोशीले पाएका छन्। मधेसी आयोगमा अध्यक्ष र १ सदस्य रिक्त छ। कार्यबाहक अध्यक्षका रुपमा जीवछ साह छन्। मुस्लिम आयोगमा पनि अध्यक्ष र १ सदस्यको पद खाली छ। आयोगमा मोहम्मद्धिन अली कार्यबाहक अध्यक्ष छन्। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अध्यक्ष र २ सदस्यको पद रिक्त छ। हाल सदस्य जुद्धबहादुर गुरुङले कार्यबाहक अध्यक्षको जिम्मेवारी सम्हालेका छन्। थारु आयोगमा अध्यक्ष र १ सदस्य खाली छन्। यहाँ सदस्य सुबोधसिंह थारु कार्यबाहक अध्यक्ष छन्।

*संसदीय सुनुवाइ समितिले पायो पूर्णता*

संवैधानिक परिषद् ऐनअनुसार परिषद्ले नियुक्ति सिफारिस गरेका व्यक्तिहरुको संसदीय सुनुवाइ गर्नुपर्छ। सिफारिस भएका पदाधिकारीको सुनुवाइ संघीय संसद्को संयुक्त समिति संसदीय सुनुवाइ समितिले गर्छ। गत शुक्रबारको प्रतिनिधिसभा बैठकले सभातर्फबाट रहने १२ जना सदस्यको नाम टुंग्याएर समितिलाई पूर्णता दिएको छ। सुनुवाइ समितिमा रास्वपाका तर्फबाट कवीन्द्र बुर्लाकोटी, मधु चौलागाईं, गजला समिम मिकरानी, रञ्जु दर्शना, चन्दनकुमार सिंह, राजीव खत्री, डा. लेखजंग थापा र बोधनारायण श्रेष्ठ छन् भने कांग्रेसबाट अर्जुननरसिंह केसी र भीष्मराज आङ्दाम्बे छन्। एमालेबाट पद्मा अर्याल, नेकपाबाट वर्षमान पुन सदस्य छन्। यस समितिमा राष्ट्रियसभाबाट डा. अञ्जान शाक्य (मनोनीत), आनन्द प्रसाद ढुंगाना (कांग्रेस) र जगप्रसाद शर्मा (नेकपा) छन्।

*सूर्यनगर गोल्डकप फुटबल प्रतियोगिता*

## भोलि मङ्गलबार हेटौंडा फुटबल एकेडेमीले फाइनल प्रवेशका लागि बीरगञ्ज युनाइटेडको सामना गर्ने



सन्देश संवाददाता

हेटौंडा/नवलपरासी
जिल्लाको बर्दघाट नगरपालिकामा जारी १०औं संस्करणको सूर्यनगर गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा मकनपुरको हेटौंडा फुटबल एकेडेमीले पर्सा जिल्लाको बीरगञ्ज यूनाइटेड क्लबसँग सामना गर्नुपर्ने भएको छ। आइतबार भएको क्वार्टरफाइनल चरणको खेलमा रुपन्देही जिल्लाको देवदह ब्वाइज क्लबलाई टाइब्रेकरमा पराजित गरेसँगै मंगलबार हेटौंडा फुटबल एकेडेमी र बीरगञ्ज युनाइटेड बीच हुने सेमीफाइनल खेलको टुंगो लागेको हो।

बीरगंज युनाइटेड र देवदहबीचको खेल २/२ गोलको बराबरीमा रोकिएपछि पेराल्टी सुटआउटमा पुगेको थियो। मंगलबार हुने सेमिफाइनल चरणको खेलमा हेटौडा फुटबल एकेडेमीले वीरगञ्ज युनाइटेड क्लबलाई पराजित गर्न हेटौडा फुटबल एकेडेमीले आफ्नो फाइनलको स्थान सुरक्षित गर्नेछन्।

बर्दघाट नगरपालिका वडा नम्बर-१६ स्थित सूर्यनगर र शगालामा शुक्रबार भएको पहिलो तथा उद्घाटन खेलमा चितवन जिल्लाको हार्दिक युवा समाजलाई टाइब्रेकरमा ४-१ गोल अन्तरले सहजै पराजित गर्दै मकवानपुरको हेटौंडा फुटबल एकेडेमी सेमीफाइनलमा प्रवेश गरेको थियो। नव युवा समाज क्लबको आयोजनामा प्रतियोगितामा ८ वटा टिमहरु हेटौंडा फुटबल एकेडेमी र हार्दिक युवा समाजसहित रुपन्देही जिल्लाको देवदह ब्वाइज, पर्सा जिल्लाको वीरगञ्ज युनाइट, आयोजक, नवलपुरको अभिषेक चर्च, सर्लाही जिल्लाको बागमती युथ क्लब र छिमेकी मूलुक भारतको एमएएससी लगायतका क्लबहरुको सहभागिता रहेको एकेडेमीका अध्यक्ष तथा प्रशिक्षक भीम लामाले जानकारी गराएका छन्।

प्रतियोगिताको उपाधि विजेता टिमले ६ लाख ६६ हजार ६ सय ६६ रुपैयाँसहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ३ लाख ३३ हजार ३ सय ३३ रुपैयाँसहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै,विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरि एको छ। प्रतियोगिताको फाइनल खेल बैशाख ४ गते हुने आयोजकले जानकारी दिएको छ।


## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।
सदाझैं यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।





## प्याब्सनले तोक्यो शुल्क लिने १४ शीर्षक

सन्देश संवाददाता

काठमाडौं/निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) झापाले १४ शीर्षकमा शुल्क लिन पाउने दायरा तोकेको छ।प्याब्सन झापाको बैठकले विद्यालयहरुमा संकलन गरिने शुल्कका शीर्षकहरुलाई सीमांकित गरी अधिकतम् शुल्क शीर्षकको दायरा तोकेको हो।

कुनै पनि विद्यालयहरुलाई यसभन्दा अन्य शीर्षकमा शुल्क संकलन गर्न निषेध गरिएको प्याब्सन झापा सचिव लक्ष्मीप्रसाद उप्रेतीले बताए। प्याब्सन झापाले तोकेका शुल्कका शीर्षकहरु मासिक पढाइ शुल्क-कक्षाकोठामा पठनपाठन सञ्चालन गर्न, शैक्षिक कार्य सञ्चालन, शिक्षक एवम् कर्मचारीहरुको तलबभत्ताबापत्, वार्षिक शुल्क-खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, विद्यालय भवन मर्मत, पुस्तकालय र प्राथमिक उपचारबापत्, भर्ना शुल्क-विद्यार्थीको रजिस्ट्रेशन, व्यक्तिगत् प्रोफाइल अद्यावधिकीकरण, भर्ना फाराम छपाइ आदिबापत्, धरौटी शुल्क-विद्यालय अवधिभर विद्यार्थीले तिर्नुपर्ने कुनै बक्यौता हुन गए त्यसको सुरक्षणबापत् (फिर्ता हुने गरी), परीक्षा शुल्क-त्रैमासिक, अर्धवार्षिक, वार्षिकलगायत परीक्षा सञ्चालन तथा नतिजा तयारीलगायत योजना कार्यसञ्चालनबापत्, कम्प्युटर शुल्क-कम्प्युटर विषय शिक्षण, कम्प्युटर साक्षरता कोर्स सञ्चालन, कम्प्युटर मर्मतबापत्, स्थानान्तरण प्रमाणपत्र शुल्क-प्रमाणपत्र छपाइ र वितरणबापत् छन्।

विशेष प्रशिक्षण शुल्क-जुडो, मार्सल आर्ट, पौडी, गायन, नृत्य, खेलकुद, संगीत र साहित्यिक क्रियाकलापको प्रशिक्षण तथा विभिन्न प्रकारका तालिम प्रशिक्षण पारिश्रमिकबापत्, आवास शुल्क-आवासीय विद्यार्थीका लागि सिरक, बिछ्यौना खरिद, आवास सरसफाइ, खानेपानी, बिजुली, खाना तथा खाजा र सुरक्षाबापत्, भोजन शुल्क-विद्यालय आवासमा नरहने तर विहानी एवम् दिउँसोको खानाखाजा विद्यालयमै खाने विद्यार्थीहरुका लागि, परिवहन शुल्क-विद्यार्थीलाई घरबाट विद्यालय सम्म लैजान र पुऱ्याउनका लागि प्रयोग गरिने सवारी साधनको इन्धन, चालकको पारिश्रमिक तथा मर्मत खर्चबापत्, शैक्षिक भ्रमण-विद्यार्थीको व्यवहारिक ज्ञान अभिवृद्धिका लागि अन्तरविद्यालय भ्रमण, पर्यटकीय क्षेत्र भ्रमण तथा सञ्चालनबापत्, इन्टर्नसिप सञ्चालनबापत्, अन्तर विद्यालय प्रतियोगिता सञ्चालन-विद्यार्थीको बौद्धिक तथा शारीरिक विकासका लागि उपयोगी प्रतियोगिता सञ्चालनबापत् र शैक्षिक सामग्री शुल्क-कक्षा शिक्षणाका लागि आवश्यक पर्ने छपाइ र श्रव्यदृष्यजस्ता सामग्री खरिदबापत्मा पनि शुल्क संकलन गरिनेछ।

## भारतीय गायिका आशा भोसलेको निधन



काठमाडौं/भारतीय सुविख्यात गायिका आशा भोसलेको निधन भएको छ। आइतबार मुम्बईको ब्रीच क्यान्डी अस्पतालका चिकित्सकले गायिका भोसलेको निधन भएको पुष्टि गरे। आशा भोसलेलाई कार्डियक अरेस्ट भएपछि शनिबार अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो। उनी दशकौंसम्म गायन क्षेत्रमा सक्रिय रहिन्। उनी ९२ वर्षकी थिइन्।

८ सेप्टेम्बर १९३३ मा महाराष्ट्रमा जन्मिएकी आशा भोसलेले मात्र ९ वर्षको उमेरदेखि नै गायनयात्रा सुरु गरेकी थिइन्। पिता दीनानाथ मंगेशकरको निधनपछि परिवारको आर्थिक जिम्मेवारी सम्हाल्न उनले दिदी लता मंगेशकरसँगै गीत गाउन र अभिनय गर्न थालेकी थिइन्। सन् १९४३ मा मराठी फिल्मबाट पार्श्वगायन सुरु गरेकी उनले १९४८ को फिल्म *चुनरिया* बाट हिन्दी सिनेमामा पाइला टेकेकी थिइन्।


## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला।

सम्पर्क :
९८४५०३१७८६, ९८२११४००२२


# हराभरा 'कृषि शहर' मा रोइरहेका किसान

सन्देश संवाददाता



काभ्रे/राजधानी उपत्यकाको करिब २५ प्रतिशत् कृषिउपज आपूर्ति गर्ने पाँचखाल नगरलाई कृषि शहर भनेर चिनिन्छ। हराभरा फाँट हेर्दा मन आनन्दित हुन्छ। तर, त्यही हरियालीभित्र किसानको पीडा भने गहिरो छ–रुवाबासीले भरिएको।

निर्वाचनपछि आलुले उचित मूल्य पाउने आश गरेका किसानहरु नयाँ सरकार गठन भइसक्दा पनि निराश छन्। मूल्य नपाउँदा उनीहरुको अवस्था झन् दयनीय बनेको छ। पाँचखाल-१२ का किसान बुद्धिबहादुर दनुवार भन्छन्–मंसिरमा रोपेको आलु चैत सकिँदासम्म पनि खन्न सकिएको छैन। खनेर बेच्दा लागतसमेत उठ्दैन। उनका अनुसार वीउ, विषादी, रासायनिक मल, मजदुरी र जग्गाभाडा जोड्दा किसान उल्टै ऋणमा डुबेका छन्। धनबहादुर दनुवार र काली दनुवार पनि आलुको मूल्य घट्दा ठूलो घाटा व्यहोर्नु परेको बताउँछन्।

किसान बिमलकुमार श्रेष्ठका अनुसार आफ्नै जमिनमा आफ्नै वीउ प्रयोग गर्दा पनि लागत उठाउन गाह्रो भएको छ। 'जग्गाभाडामा लिएर खेती गर्ने त झन् डुबेका छन्,' उनले भने-कम्तिमा प्रतिकेजी २५ रुपियाँ नपाउँदासम्म किसान बाँच्न सक्दैनन्। किसान शम्भु थापा भन्छन्–पाँचखालको हरियाली हेर्दा रमाइलो लाग्छ, तर भोगाइ भने रुवाबासी छ। कृषि शहरको नारा नै गिज्याइरहेको छ।

किसान सज्जनकुमार उदासको अवस्था पनि उस्तै छ। उनले ३-४ सय बोरा आलु बिक्री गरे पनि अझै २-३ सय बोरा घरमै थन्किएको छ। ७० बोरा भन्दा बढी वीउ आलु काफ्लेडीस्थित कोल्डस्टोरमा राखिएको छ। 'मूल्य नपाउँदा कोल्डस्टोरमा राखेर पछि बेच्ने आश पनि हराइसक्यो,' उनी भन्छन्–स्थानीय सरकारले कोल्डस्टोरमा अनुदान दिन सके केही राहत हुन्थ्यो।

फागुनमा प्रतिकेजी २७-२८ रुपियाँसम्म पुगेको आलुको मूल्य हाल तीव्ररुपमा घटेको छ। किसानले २५ रुपियाँसम्म पाए घाटा नहुने अनुमान गरेका थिए। तर, बजारमा व्यापारी नै नआएपछि मूल्य ओरालो लाग्दै गयो। हाल डल्लो सेतो आलु प्रतिकेजी १० रुपियाँमा पनि बिक्री हुन सकेको छैन भने रातो आलु १५-१६ रुपियाँमै अड्किएको छ। धेरै किसानले आलु खन्नै छाडेका छन्। खनेका आलु घरमै थन्किँदा कुहिन थालेका छन्, खेतमै छाडिएका आलु पनि नष्ट हुँदैछन्।

आलु भित्र्याएर अर्को बाली लगाउने समय बित्दै गएको छ। कतै खेतमा आलुका बोट सुकिसकेका छन्, कतै झार उम्रिएको छ, कतै खेत बाँझोझैं देखिन थालेको छ। पाँचखालमा करिब १ लाख बोरा आलु भण्डारण क्षमता भएका दुई कोल्ड स्टोरमध्ये एउटा भरिएको छ भने अर्कोमा करिब १५ हजार बोरामात्र राखिएको छ। किसान शम्भु थापाका अनुसार कोल्डस्टोरमा सहज पहुँच र सहुलियत मिल्न सके मूल्य समायोजनमा केही राहत मिल्न सक्छ।

काफ्लेडी कोल्डस्टोर व्यवस्थापक सज्जन अधिकारीका अनुसार राम्रो गुणस्तरको आलु भए ५० हजार बोरा सुरक्षित राख्न सकिन्छ। बिगतमा किसानले कुहिएको आलुसमेत भण्डारण गर्न ल्याउँदा समस्या देखिएको उनी बताउँछन्। किसान बिमलकुमार श्रेष्ठले राजधानीको कालिमाटी बजारमा समेत आलु बिक्री नभएर फर्काउनुपरेको गुनासो गरे। 'ठूला र मझौला आलु केही बिके पनि साना आलुको बजार ठप्प छ,' उनले भने–बिकेको आलुको मूल्य पनि १६-१७ रुपियाँभन्दा माथि पुगेको छैन।

## अपांग महासंघको अधिवेशनमा कुटाकुट

सन्देश संवाददाता



बुटवल/अदालतमा मुद्दा विचाराधीन र विवाद समाधान नभएको अवस्थामा राष्ट्रिय अपांग महासंघ नेपालको निर्वाचन प्रक्रिया बुटवलमा अगाडि बढाइएको विषयले गम्भीर विवाद भएसँगै कार्यक्रम स्थलमा कुटाकुट भएको छ। यतिमात्र भएन, केही पक्षले प्रक्रिया रोक्न माग गर्दै बहिष्कार गरी हिंडेको दाङबाट सहभागी प्रतिनिधि रजनी शाहले बताइन्।

अर्को पक्षले निर्वाचनका गतिविधि जारी राखेपछि महासंघ भित्रको कानुनी र नैतिक संकट थप चुलिएको हो। महासंघको बुटवलमा शुक्रबारदेखि जारी निर्वाचन प्रक्रियाले अपांगता आन्दोलनमा थप ध्रुवीकरण र अन्यौल सिर्जना गरेको छ। राष्ट्रिय अपांग महासंघ नेपालको नेतृत्व चयनका लागि बुटवलमा भइरहेको निर्वाचन प्रक्रियामा विवाद चुलिएको हो। उच्च अदालत पाटनमा मुद्दा विचाराधीन रहेको र स्पष्ट कानुनी निरुपण नभएको अवस्थामा निर्वाचन प्रक्रिया अघि बढाउनु गैरकानुनी भएको एउटा पक्षको दाबी छ।

महासंघको विधान र प्रक्रियागत् विषयलाई लिएर सदस्यहरुबीच लामो समयदेखि विवाद जारी रहेको र जसले गर्दा मुद्दा अदालतसम्म पुगेको थियो। यसअघि नै निर्वाचन स्थगित गर्न र महासंघको गतिविधिलाई पारदर्शी बनाउन माग गर्दै अदालतमा दायर गरिएको रिट निवेदन बेवास्ता गर्दै उक्त रिट उपर अन्तिम फैसला नआउँदै निर्वाचन प्रक्रिया अघि बढाइनु अदालतको अवहेलना हुने जिकिर गर्दै आएको छ। अदालतमा मुद्दा रहेको अवस्थामा निर्वाचन जस्तो महत्वपूर्ण प्रक्रिया रोक्नुपर्नेमा त्यसको विपरीत काम हुनुले महासंघको गरिमामा प्रश्नचिह्न खडा गरेको केन्द्रीय सदस्य सावित्रा घिमिरेले बताइन्।

महासंघको कार्यसमितिले तोकेका आधिकारिक निर्वाचन समितिका प्रमुख वरिष्ठ अधिवक्ता शालिकराम बञ्जाडेले सर्वोच्च अदालतमा मुद्दा परेको र बैशाख ३ गते दुवै पक्षलाई बोलाइएको अवस्थामा निर्वाचन गराउनु अदालतको अवहेलना भन्दै राजीनामा दिएपछि नेपाल बार रुपन्देहीका पूर्वअध्यक्ष जोगबहादुर खत्रीलाई निर्वाचन अधिकृत तोकेर निर्वाचन अगाडि बढाइएको छ।

## कृषिमा आधारित कर्म विकासको प्रमुख आधार

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशका कृषि तथा पशुपक्षी विकास मन्त्री मधुसूदन पौडेलले स्थानीय तहमा रोजगारी सिर्जना नगरेसम्म विकासको वास्तविक अर्थ जनताले अनुभूति गर्न नसक्ने बताएका छन्। कृषिमा अन्तरप्रदेश सम्बन्ध र सहकार्य विषयक छलफल कार्यक्रममा मन्त्री पौडेलले नेपालको जस्तो देशका लागि कृषि नै विकासको प्रमुख आधार भएको उल्लेख गरे।

उनले भने–स्थानीय तहमा रोजगारी सिर्जना नगरेसम्म विकासको अर्थ जनताले बुझ्न सक्दैनन्। हाम्रो जस्तो मुलुकको लागि विकासको सबभन्दा महत्वपूर्ण कुरा जुन रोजगारीसँग जोडिएको छ, त्यो कृषि नै हो। कृषिमा आधारित उद्योग र कृषिमा आधारित कर्म नै हाम्रो जस्तो मुलुकका लागि विकासको प्रमुख आधार हो। उनले कृषिमा आधारित उद्योग र कृषिकर्ममार्फत् रोजगारी सिर्जना गर्न सकिने भएकाले यस क्षेत्रमा विशेष ध्यान दिनुपर्ने बताए।

मन्त्री पौडेलले मल अभावको समस्या अझै समाधान हुन नसकेको पनि बताए। उनले रासायनिक मलको खरिद केन्द्र सरकारले गर्ने र प्रदेश सरकारले वितरण गर्ने व्यवस्था भए पनि बागमती प्रदेशका लागि आवश्यक मल पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको बताए। उनले बागमती प्रदेशलाई वार्षिक करिब १ लाख १३ हजार मेट्रिकटन मल आवश्यक पर्ने जानकारी दिए। उनले भने–मलको कुरा सधैं उठ्दै आएको छ।

केन्द्र सरकारले मल खरिद गर्छ। प्रदेश सरकारले वितरण गर्ने मात्र हो। १ लाख १३ हजार मेट्रिकटन बागमती प्रदेशलाई मलखाद आवश्यक छ। त्यो अपुग छ। यसमा सबभन्दा बढी ध्यान दिनुपर्ने छ। उनले रासायनिक मलसँगै जैविक तथा प्रांगारिक मलको प्रयोगमा पनि जोड दिनुपर्ने बताए। कृषि उत्पादन वृद्धि र दीगो विकासका लागि सबै तहका सरकार र सरोकारवालाले यस विषयमा विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो।

## निर्मल माध्यमिको अभिभावक भेलामा



सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको हेटौंडा-१९ बस्तीपुरस्थित निर्मल माध्यमिक विद्यालयले अभिभावक सँग प्रत्यक्ष संवाद गर्दै पारदर्शिता र सहभागितालाई प्राथमिकता दिएको छ। विद्यालयमा आयोजित ५०औं वार्षिक अभिभावक भेलामा शैक्षिक नीति, कार्यक्रम तथा आय-व्यय सार्वजनिक गर्दै अभिभावकहरूको सक्रिय सहभागिता सुनिश्चित गरिएको हो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमृत ओलीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा १९ का वडा अध्यक्ष नरनाथ सुवेदी प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए। कार्यक्रममा पूर्व अध्यक्ष इन्दिरा तामाङसहित विभिन्न व्यवस्थापन समिति सदस्यहरूको उपस्थिति रहेको थियो।

भेलामा प्रधानाध्यापक प्रबोध बिडारीले चालु शैक्षिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र आय-व्यय विवरण प्रस्तुत गर्दै पारदर्शितालाई संस्थागत बनाउने प्रयास गरिएको बताए। साथै आगामी शैक्षिक वर्ष २०८२/८३ का योजनाहरू प्रस्तुत गर्दै विद्यालयको गुणस्तर अभिवृद्धिमा अभिभावकको सहकार्य आवश्यक रहेको उल्लेख गरे।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमृत ओलीले स्वर्ण महोत्सवको आय-व्यय प्रतिवेदन सार्वजनिक गरेका थिए, जसले विद्यालयका गतिविधिमा आर्थिक पारदर्शिताको अभ्यासलाई थप बलियो बनाएको छ।

यसै अवसरमा कक्षा १ देखि ९ सम्मका विद्यार्थीहरूको नतिजा प्रकाशन गर्नुका साथै उत्कृष्ट विद्यार्थीलाई सम्मान गरिएको थियो। साथै अन्जना बस्नेतको अध्यक्षतामा ११ सदस्यीय शिक्षक-अभिभावक संघ गठन गर्दै विद्यालय-अभिभावक सहकार्यलाई अझ सुदृढ बनाउने प्रयास गरिएको छ।

कार्यक्रममा स्वागत मन्तव्य सहायक प्रधानाध्यापक सुनिल लामाले व्यक्त गरेका थिए भने कार्यक्रमको समापन पूर्व अध्यक्ष इन्द्रिया लामाले मन्तव्य व्यक्त गर्दै गरेका थिए।

## राप्रपाभित्र चुलीयो विवाद, बोलाइयो केन्द्रीय कार्यसम्पादन समिति बैठक

काठमाडौं/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) भित्र विवाद सिर्जना भएको छ। पार्टीको संस्थागत निर्णयबिना उपसभामुख पदमा उम्मेदवारी दिइएको भन्दै विवाद सिर्जना भएको हो।

महामन्त्री धवलशम्शेर राणाले पार्टीको संस्थागत निर्णयबिना नै उपसभामुख पदको उम्मेदवारी दिइएकोमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेका छन्।

'म प्रस्ट पार्न चाहन्छु– हामी गणतन्त्र विरोधी आन्दोलनमा छौं। गणतन्त्रमा संविधानको निःशर्त पालना, संरक्षण र कार्यान्वयनको प्रधान दायित्व भएका कुनै पनि जिम्मेवारीमा हामी सहभागी हुनुहुँदैन। पार्टीको प्रजातान्त्रिक पद्धतिलाई चुनौती दिँदै गरिएका कुनै पनि निर्णयमा मेरो हिजो पनि सहमति थिएन, आज पनि छैन र भोलिका दिनमा पनि हुनेछैन,' उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्।

प्रतिनिधि सभामा राप्रपाका ५ जना सांसद छन्। सांसद सरस्वती लामालाई राप्रपाले उपभामुख पदमा उम्मेदवार बनाएको थियो। आफ्ना सांसदबाहेक अर्को मत उनलाई नआएपछि उम्मेदवारी बनाएको विषयलाई लिएर पार्टीभित्र विवाद सिर्जना भएको हो।

साथै राप्रपाले फागुन २१ को प्रतिनिधि सभा चुनावपछि समीक्षा पनि गरिसकेको छैन। प्रत्यक्षतर्फ १६३ ठाउँमा उम्मेदवारी दिएको राप्रपाले १ सिटमा मात्रै जितेको थियो। समानुपातिकतर्फ भने ४ सिट जितेको थियो।


## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर** : ९८४५१२३३६६

## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ। ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला।

सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७


प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने